जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३५१ • २०८३ साल जेठ ६ गते बुधवार (20 May, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपा नेपाल संसदीय दलको निर्वाचन आज

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्ता गठबन्धनका घटक दल जनता समाजवादी पार्टी(नेपाल) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीच एकीकरण भइ गठन भएको जसपा नेपाल मधेश प्रदेश संसदीय दलको नेता चयनका लागि बुधबार निर्वाचन हुने भएको छ। एकीकरण पछि मधेश प्रदेशमा सबैभन्दा ठूलो दल जसपा नेपाल बनेको छ। जसपा नेपाल मधेश प्रदेश संसदीय दलको नेता चयनका लागि प्रदेश सांसदहरुबीच सर्वसम्मत हुन नसक्दा बुधबार निर्वाचन हुने भएको छ।

संसदीय दलका नेताका लागि पूर्वमुख्यमन्त्री सरोजकुमार यादव र पूर्वमुख्यमन्त्री लालबाबु राउतले दाबी गर्दै पछि नहट्ने अडान कायमै राखेपछि निर्वाचन हुन लागेको छ। पूर्वमुख्यमन्त्री यादव र पूर्वमुख्यमन्त्री राउत संसदीय दलको नेताका लागि भिड्ने स्रोतको दाबी छ।

तत्कालीन जसपा नेपालको १८ जना र लोसपाको ८ जना गरी २६ जना सांसद छ। २ जना निलम्बनमा रहेका समेत जसपा नेपालको संख्या २८ पुगेको छ।

संसदीय दलको नेता निर्वाचनमा यादव निर्वाचित भएमा कृष्णप्रसाद यादव नेतृत्वको प्रदेश सरकारले निरन्तरता पाउने सम्भावना रहेको स्रोतको दाबी छ।

दोस्रोमा नेकपा एमाले २४ र तेस्रोमा नेपाली काँग्रेस २२ जना सांसद रहेका छन्। चौथोमा नेपाली कम्युनिष्ट पार्टी(नेकपा) १४ र पाँचौमा जनमत पार्टीको १२ जना सांसद छन्।

### कांग्रेस सभापति थापा आज आउँदै

# मधेश प्रदेश संसदीय दलको विवाद सुल्झाउन, बर्दिबासमा प्रशिक्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका सभापति गगन थापा बुधवार जनकपुरधाम आउन लागेका छन् ।मधेश प्रदेश कांग्रेस संसदीय दलमा देखिएको विवादलाई सुल्झाउन उनी जनकपुरधाममा नेताहरुसित भेंटने कार्यक्रम छ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले शुक्रवार प्रदेश सभामा विश्वासको मत लिने कार्यक्रम छ।गत ४ गते विश्वासको मत लिने क्रममा नेपाली कांग्रेसबाट फ्लोर क्रस निश्चित देखिएपछि मुख्यमन्त्री यादवले ८ गतेलाई सारेका थिए।

कांग्रेस भित्रको अन्तरकलह सुल्झिसकेको छैन् ।तर विश्वासको मत लिने तिथि निर्धारण भइसकेकोले कांग्रेसका नेताहरु तनावमा देखिएका छन्।

स्रोतका अनुसार सभापति थापा निकटका सहयोगी वीरेन्द्र सिंह समूह मुख्यमन्त्री यादवको खिलाफमा छन् ।मुख्यमन्त्रीबाट यादवलाई हटाउन उनी सहितको समूह सक्रिय रहेको छ।

हाल मुख्यमन्त्री यादव पनि संस्थापन पक्षमा नै छन् ।यस अघि उनी पूर्ब सभापति शेरबहादुर देउवा समूहमा थिए।

यादव र सिंह समूह संस्थापन पक्षमा नै रहेकाले सभापति थापाले मनोमालिन्यको अन्त्य गराउने बताइएको छ ।प्रशिक्षण कार्यक्रमका लागि आउन लागेको भनिए पनि थापाको प्रमुख उद्देश्य मधेश प्रदेश सरकारको नेतृत्व जोगाउनु हो।

सत्ता साझेदार जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका छन् ।हाल सत्तामा रहेका दलहरु नेपाली कांग्रेसको २२, जनता समाजवादी पार्टी(जसपा)नेपालको २६, नेपाल कम्युनिष्ट पार्टी(नेकपा)को १४ सिटगरी ६२ सिट रहेको छ।

जनमत पार्टीले समर्थन फिर्ता लिए पनि सो दलका दुई जना महेश यादव अर्थ र वसन्त कुशवाहा खेलकुद तथा समाजकल्याण मन्त्री छन् । गत ४ गते विश्वासको मत लिन बोलाइएको प्रदेश सभा बैठकमा कुशवाहा विपक्षी बेञ्चमा र यादव अनुपस्थित रहेका थिए।



सरकारमा रहने अथवा नरहने निर्णय बुधवार जसपाले गर्ने छ ।दलको नेता चयन हुने बैठकबाट नै सरकारलाई समर्थन गर्ने, नगर्ने विषयमा टुंगो लाग्ने जसपा नेपालका नेताहरुले बताएका छन्।

तर कांग्रेसका लागि जसपा नेपालको भन्दा ठूलो चुनौती आन्तरिक कलह देखिएको छ ।कांग्रेसमा सुलह हुन नसके सिंह समूहले फ्लोर क्रस गर्ने छन् ।त्यसपछि जसपा नेपालले पनि सरकारबाट बाहिरिने निर्णय गर्ने छ। तर पनि कांग्रेसको सरकारले विश्वासको मत पाउनेमा मुख्यमन्त्री ढुक्क छन् ।जसपा नेपालले विश्वासको मत नदिए नेकपा एमालेले विश्वासको मत दिन तयारी अवस्थामा रहेको छ।

स्रोतका अनुसार एमाले सरकारमा छिर्न खुट्टा उचालेको छ।मौका मिल्ना साथ एमालेले सरकारलाई समर्थन गर्दै सत्तामा पुग्नेछ। प्रदेशको बजेट बनाउने अन्तिम समयमा एमाले सरकारमा छिरे अर्थ र भौतिक पूर्वाधार विकास मन्त्रालय पाउने विषयमा समेत एक चरणको छलफल कांग्रेससित भइसकेको एकजना सांसदले बताए ।नाम सार्वजनिकनगर्नेशर्तमा उनले भने, सरकार टिकाउन नेकपा र एमालेको समर्थन पर्याप्त छ।

स्रोतहरुका अनुसार एमालेले जसपा नेपाललाई सरकारबाट अलग्याउन नयाँ सरकार गठनका लागि समर्थन गर्ने आश्वासन दिएको छ ।जसपा नेपाल नेतृत्वको सरकारलाई एमालेले समर्थन गर्नु भन्दा कांग्रेस नेतृत्वको सरकारलाई समर्थन गर्दै मधेश केन्द्रित दलहरुलाई सत्ता बाहिर राख्ने रणनीति बनाएको बताइन्छ।

यादव नेतृत्वको सरकार रहने अथवा नरहने टुंगो कांग्रेस भित्रबाटै लाग्ने बताइन्छ ।मुख्यमन्त्री यादवलाई समर्थन गर्न सिंह समूहले सरकारमा सहभागिता अनिवार्य शर्त राखेको छ।तर मुख्यमन्त्री यादवले सर्लाहीबाट जंगीलाल रायलाई स्वास्थ्य मन्त्री बनाइसकेका छन् ।सर्लाहीबाट नै सांसद रहेका सिंहलाई सरकारमा जाने सम्भावना कमजोर छ।रायलाई हटाएर सिंहलाई भित्र्याउने अवस्थामा मुख्यमन्त्री यादव नरहेको बताइन्छ।

सभापति थापाले निकास निकाल्नेमा मुख्यमन्त्री यादव पक्ष विश्वस्त देखिएका छन् ।कांग्रेसका प्रमुख सचेतक कुमर कान्त झाले पनि रायलाई मन्त्रीबाट नहटाइने बताएका छन् ।'स्वास्थ्य मन्त्री रायलाई हटाउने विषय उठेको छैन्' उनले भने, उनको कार्यशैली र कार्यसम्पादन उत्कृष्ट रहेको छ।

## 'दुई करोड घाँडो'

**टुडे समाचारदाता**

जनकपुरधाम ।कांग्रेस सभापति गगन थापाका निकट सहयोगी पूर्व प्रदेश मन्त्री वीरेन्द्र सिंहका लागि मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति नियुक्ति 'घाँडो' बनेको छ।



उनी स्वास्थ्य मन्त्री रहेको बेला प्रतिष्ठानको उपकुलपति नियुक्तिमा ठूलो 'डिल' भएको आरोप लाग्दै आएको छ ।उपकुलपति नियुक्तिका लागि पार्टीको लिखित निर्णय विपरीत २ करोड रुपैयाँ लिएको आरोप लाग्दै आएको छ।

प्रतिष्ठानको उपकुलपतिमा डा.अकुंर साहलाई नियुक्ति नगर्न पार्टीका नेताहरुले लिखित निर्णय गरेका थिए ।तर मन्त्री सिंहले त्यो निर्णय उल्ट्याउँदै साहलाई नै उपकुलपतिमा नियुक्त गरेका थिए ।उपकुलपति नियुक्तिमा '२ करोड'को डिल भएको कांग्रेसको एउटा पक्षले आरोप लगाउँदै आएको छ।

कृष्ण यादव नेतृत्वको सरकारमा उनलाई त्यही आरोप लगाएर अवरोध गरिएको छ ।भीसी नियुक्त भएका डा.साह त्यस अघि प्रतिष्ठानको रेक्टर थिए ।तर यो डिलको पुष्टि हुन सकेको छैन्।

# प्रधानन्यायाधीशमा डा. शर्मा नियुक्त

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा डा. मनोजकुमार शर्मालाई नियुक्त गरिएको छ।

नियुक्तपछि सर्वोच्च अदालतको पदभार सम्हाल्दै नवनियुक्त प्रधानन्यायाधीश डा. शर्माले न्याय सम्पादन प्रक्रियाको मर्यादामा कुनै प्रकारको हस्तक्षेप स्वीकार नगरिने जिकिर गरेका छन्।



मंगलबार सर्वोच्च अदालत पुगेर पदभार ग्रहण गरेलगत्तै सम्बोधनको क्रममा नवनियुक्ति प्रधान्यायधीश डा. शर्माले न्याय सम्पादनको प्रक्रियाको मर्यादामा आफूलाई हस्तक्षेप स्वीकार्य नहुने दाबी गरे।

प्रधानन्यायाधीश डा. शर्माले भने, 'न्यायपालिकाको संस्थागत स्वतन्त्रता, न्यायाधीशहरूको व्यावसायिक निष्पक्षता तथा न्याय सम्पादन प्रक्रियाको मर्यादामा कुनै प्रकारको हस्तक्षेप स्वीकार गरिने छैन ।' प्रधानन्यायाधीशको जिम्मेवारीलाई केवल पदको मात्र नभइ संविधान, विधिको शासन, न्यायिक स्वतन्त्रता तथा नागरिकको न्यायप्रतिको विश्वासलाई अझै सुदृढ बनाउने दायित्वको रुपमा आफूले ग्रहण गरेको उनको भनाइ छ।

'न्यायपालिका नेपालको संविधानको संरक्षक, मौलिक अधिकारको प्रत्याभूतिकर्ता तथा लोकतान्त्रिक शासन व्यवस्थाको एक प्रमुख स्तम्भ हो,' प्रधानन्यायाधीश डा. शर्माले भनेका छन्, 'त्यसैले स्वतन्त्र, निष्पक्ष, सक्षम र जनविश्वासयुक्त न्यायपालिकाको निर्माण र संरक्षण नै मेरो कार्यकालको मूल ध्येय रहनेछ।'

न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षता नै लोकतन्त्रको मेरुदण्ड भएको उनले बताए।

उनले भने, 'मेरो पहिलो र सर्वोच्च प्राथमिकता भनेकै स्वतन्त्र न्यायपालिकालाई पूर्णरूपमा अक्षुण्ण राख्नु हो । यस मान्यतासँग कुनै पनि परिस्थितिमा सम्झौता गरिने छैन । न्यायपालिकाको संस्थागत स्वतन्त्रता, न्यायाधीशहरूको व्यावसायिक निष्पक्षता तथा न्याय सम्पादन प्रक्रियाको मर्यादामा कुनै प्रकारको हस्तक्षेप स्वीकार गरिने छैन,' उनले थप भनेका छन्, 'यस विषयमा कसैले कुनै शंका राख्नुपर्ने अवस्था आउने छैन साथै, त्यस्तो शंका उत्पन्न हुने कुनै पनि कार्य म बाट हुने छैन र हुन दिइने पनि छैन भन्ने पूर्णरुपमा विश्वास दिलाउन चाहन्छु।'

सोमबार सर्वोच्च अदालतमा कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले रिट दर्ताका लागि रजिष्ट्रारलाई लिखित निर्देशन दिएपछि उनी कार्यालयबाटै गायब भएका थिए । उनी गायब हुँदै प्रधानमन्त्री बालेन्द्र साहको च्याम्बरको दिनभर विताउँदै गर्दा सर्वोच्च अदालत दिनभर नै तनाव, रस्साकस्सीबाट गुज्रिएको थियो।







## जेन- जी प्रदर्शनमा घाइतेलाई मासिक उपचार खर्च

काठमाण्डु । सरकारले जेनजी प्रदर्शनका क्रममा भएका घाइतेको वर्गीकरण गरी मासिक उपचार खर्च उपलब्ध गराएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जेनजी प्रदर्शनका क्रममा घाइतेको वर्गीकरण गरी ती घाइतेको उपचारका लागि मासिक उपचार खर्च उपलब्ध गराउन थालिएको मन्त्रालयको स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्रका प्रमुख डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

"हामीले भदौ २३ र २४ गते अस्पतालमा भर्ना भएको आधारमा जेनजी घाइतेको वर्गीकरण गरेका छौँ," उहाँले भन्नुभयो, "सोही अनुसार गृहमन्त्रालयले घाइतेको उपचार खर्चका लागि मासिक आर्थिक सहयोग प्रदान गरेको छ ।"

उहाँका अनुसार सरकारले जेनजी प्रदर्शनका क्रममा अति गम्भीर घाइते र घाइतेलाई स्याहारसुसार गर्नेलाई नौ हजार/नौ हजार, गम्भीर घाइतेलाई मासिक रु नौ हजार र मध्य घाइतेलाई मासिक रु चार हजार उपलब्ध गराउने निर्णय गरेको छ । सामान्य घाइतेलाई भने कुनै रकम उपलब्ध नगराउने उल्लेख छ । यसैगरी, जेनजीका सबै घाइतेलाई भने एकमुष्ट ३५ हजार प्रदान गरिएको उहाँले बताउनुभयो ।

**पाच सय ३९ घाइतेको वर्गीकरण**

यसैगरी, जेनजी आन्दोलनमा भएका घाइतेलाई विभिन्न चार वर्गमा विभाजन गरिएको छ । गृहमन्त्रालयले उपलब्ध गराएको परिचयपत्रका आधारमा ती घाइतेको वर्गीकरण गरिएको हो ।

घाइते भएकामध्ये ५३९ जनालाई विभिन्न चार वर्गमा विभाजन गरिएको हो । रासस

# 'आरोग्य वर्ष २०२७' को पूर्वतयारीका लागि साझा समझदारीमा जोड



काठमाण्डु । नेपाललाई विश्वस्तरको आरोग्य गन्तव्यका रूपमा स्थापित गर्न सरकार, निजी क्षेत्र, शैक्षिक संस्था तथा समुदायबीच सहकार्य र साझा दृष्टिकोणको आवश्यकतामा जोड दिइएको छ । आरोग्यमार्फत नेपालको समृद्धिका आयाम विकास गर्ने उद्देश्यसहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र जीवन विज्ञान प्रतिष्ठान आरोग्य अध्ययन केन्द्रको सहकार्यमा आयोजित 'आरोग्य संवादः आरोग्य वर्ष २०२७ पूर्वतयारी विमर्श'मा सहभागी वक्ताहरूले सो आवश्यकता औँल्याउनुभएको हो ।

कार्यक्रममा नेपाल सरकारले घोषणा गरेको नेपाल आरोग्य वर्ष २०२७, आरोग्य पर्यटन रणनीति (सन् २०२६-२०३५) तथा कार्ययोजना (सन् २०२६-२०३०)को प्रभावकारी कार्यान्वयन, आरोग्य पर्यटनको सम्भावना, अन्तरराष्ट्रिय बजार विस्तार, पूर्वाधार विकास, मानव संशाधन क्षमता अभिवृद्धि र नीतिगत समन्वयका विषयमा विस्तृत छलफल भयो ।

सरकारी निकाय, निजी क्षेत्र, नीति निर्माता, पर्यटन तथा स्वास्थ्य क्षेत्रका विज्ञ, अनुसन्धानकर्ता, सञ्चारकर्मी तथा सरोकारवालाहरूको सहभागिता रहेको सो संवाद कार्यक्रममा आरोग्य पर्यटन रणनीति (सन् २०२६-२०३५) को प्रभावकारी कार्यान्वयनका लागि अन्तरमन्त्रालय, निकाय र तीनै तहका सरकारको भूमिकाका विषयमा समेत चर्चा गरिएको थियो ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल 'गनेस'ले नेपालमा विद्यमान प्राकृतिक सम्पदा, योग, ध्यान, आयुर्वेद, आध्यात्मिक परम्परा तथा विविधतालाई आरोग्य पर्यटनसँग जोडेर आर्थिक रूपान्तरणको नयाँ आधार निर्माण गर्न सकिने बताउनुभयो । योग, ध्यान, अध्यात्म र आरोग्यसँग जोडिएका ऐतिहासिक तथा सांस्कृतिक आधार प्रस्तुत गर्दै यसलाई अर्थतन्त्रसँग जोड्नुपर्ने उहाँको धारणा थियो । उहाँले आरोग्यलाई केवल शारीरिक स्वास्थ्यको विषयका रूपमा नभई मानसिक, सामाजिक र वातावरणीय आयामसँग जोडेर हेर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जीवन विज्ञानका संस्थापक भानु गुरुदेवले विश्व पर्यटन क्रमशः 'वेलनेस टुरिजम'तर्फ रूपान्तरण भइरहेको बताउँदै त्यसका लागि नेपालमा भएका सम्भावनामा काम गर्नुपर्ने बताउनुभयो । स्वास्थ्य, ट्रेकिङ, धार्मिक, सांस्कृतिक, योग, ध्यान, प्राकृतिक उपचारलगायत विभिन्न अवयव आरोग्य पर्यटनभित्र समिटिने उल्लेख गर्दै उहाँले 'वेलनेस टुरिस्ट'हरू अरू पर्यटकभन्दा बढी बस्ने र खर्च गर्ने अध्ययनहरूले देखाएको बताउनुभयो ।

आरोग्य पर्यटनलाई नेपालको आर्थिक रूपान्तरणको अवसरका रूपमा लिनुपर्ने बताउँदै उहाँले गण्डकी र लुम्बिनी प्रदेशलाई नमूना आरोग्य प्रदेशका रूपमा विकास गर्ने सम्भावना रहेको धारणा व्यक्त गर्नुभयो । जीवन विज्ञानका अर्का संस्थापक रमेश गुरुदेवले आरोग्यलाई जीवनशैली, व्यवहार र सामाजिक अभ्याससँग जोडेर अघि बढाउनुपर्ने बताउँदै ध्यानको अभ्यास गराउनुभयो ।

सो अवसरमा जीवन विज्ञान प्रतिष्ठान आरोग्य अध्ययन केन्द्रका संयोजक पूर्वमुख्यसचिव डा वैकुण्ठ अर्यालले आरोग्य पर्यटन र आरोग्य वर्ष सफल कार्यान्वयनका लागि अवधारणापत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले केन्द्रले आगामी दिनमा आरोग्य पर्यटन, मानसिक स्वास्थ्य, योग-ध्यान, प्राकृतिक उपचार र समग्र आरोग्यसम्बन्धी नीति संवाद तथा अध्ययनलाई निरन्तरता दिने उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्द निरौला, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा विकास देवकोटा, कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा राजेन्द्र मिश्र, परराष्ट्र मन्त्रालयका सहसचिव मनिरत्न शर्मा, उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठले सरकारले सार्वजनिक गरेको रणनीतिका विषयमा सरोकारवाला मन्त्रालय र निजी क्षेत्रको भूमिकाका बारेमा प्रकाश पार्नुभयो ।

सोही अवधारणाको आधारमा भएको संवाद कार्यक्रमले आरोग्य वर्ष २०२७ सफल बनाउन बहुपक्षीय सहकार्य, नीति कार्यान्वयनमा तीव्रता र अन्तरराष्ट्रियस्तरमा नेपालको आरोग्य पहिचान दिनेछ । रासस

# आफ्नै सरकारको कार्यशैलीप्रति सिंहको आपत्ति



**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेशकुमार सिंहले विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा अर्थमन्त्री स्वर्णिम वाग्ले अनुपस्थित रहेको भन्दै आपत्ति जनाएका छन् ।

प्रतिनिधिसभा मंगलबार बसेको बैठकमा बोल्दै सांसद सिंहले सरकारले परम्परा तोड्ने नाममा संसदीय अभ्यास कमजोर बनाउने काम गरिरहेको आरोप लगाए । संसदीय व्यवस्थामा बजेटसम्बन्धी छलफल हुँदा अर्थमन्त्री अनिवार्य उपस्थित हुने परम्परा रहेको उल्लेख गर्दै उनले त्यसको पालना नगर्नु संसदको औचित्यमाथि नै प्रश्न उठाउने विषय भएको बताए ।

"बजेटमाथिको छलफलमा अर्थमन्त्री उपस्थित हुने अभ्यास रहँदै आएको थियो । तर अहिले अर्थमन्त्री नै अनुपस्थित छन् । यदि नयाँपनको नाममा सबै संरचना भत्काउने हो भने सिंहदरबार, प्रधानमन्त्री र मन्त्री पद पनि हटाइदिए हुन्छ ।"

परराष्ट्रमन्त्रीले बजेटसम्बन्धी छलफलमा सहभागिता जनाउनु अस्वाभाविक भएको टिप्पणी गर्दै सांसद सिंहले भने, 'बजेटमाथिको छलफलमा अर्थमन्त्री उपस्थित हुने अभ्यास रहँदै आएको थियो । तर अहिले अर्थमन्त्री नै अनुपस्थित छन् । यदि नयाँपनको नाममा सबै संरचना भत्काउने हो भने सिंहदरबार, प्रधानमन्त्री र मन्त्री पद पनि हटाइदिए हुन्छ ।'

संसदीय प्रणालीमा सांसदले सरकारसँग जनताका सवाल उठाउने भएकाले यस्ता परम्परा जोगाउन आवश्यक रहेको उनको भनाइ छ ।

# महोत्तरी कारागारका दुई सय ५० कैदीबन्दी अझै फरार



जलेश्वर । 'जेन- जी' आन्दोलनको मौका छोपी २०८२ साल भदौ २४ गते महोत्तरी कारागारबाट भागेका कैदीबन्दीमध्ये २५० जना कैदीबन्दी अझै फरार रहेका छन् ।

गत भदौ २३ र २४ गते देशभर चलेको जेन-जी आन्दोलनको मौका छोपी भदौ २४ गते महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-२ मा अवस्थित जलेश्वर कारागार तोडेर भागेका सबै ५७६ जना कैदीबन्दीमध्ये ३२६ जना फर्किसकेका छन् भने २५० जना अझै फर्किन बाँकी रहेको जेलर अशोककुमार क्षेत्रीले बताए ।

जेलर क्षेत्रीले जनाए अनुसार अझै पनि भागेका कैदीबन्दीहरू आउने क्रम जारी रहेको छ । जलेश्वर कारागार तोडेर भागेका सबै कैदीबन्दीहरूलाई भोलिपल्टै फर्किन आह्वान गरेकामा अहिलेसम्म फर्किने कैदीबन्दीको संख्या ३१६ नेपाली र १० विदेशी (भारतीय) सहित जम्मा ३२६ जना पुगेको जेलर क्षेत्रीले बताउनुभयो ।

जेलर क्षेत्रीले फर्की नआउने फरार कैदीबन्दीहरू उपर कारागार ऐन २०७९ र अन्य नेपालको प्रचलित कानुनबमोजिम कारबाही हुने तथा कैदीबन्दीहरूलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिउपर पनि कानुनबमोजिम कारबाही हुने बताए ।

जलेश्वर कारागारबाट भागेकामध्ये १३ जना कैदीबन्दीहरूलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ पुनः कारागार फर्काउन मद्दत गरेका थिए भने बाँकी कैदीबन्दीहरू आफैं स्वेच्छाले कारागारमा फर्किएका हुन् ।

महोत्तरीको जलेश्वर कारागारबाट अझै फरार रहेका कैदीबन्दीहरूलाई जिल्लाको तीनै तहका सुरक्षाकर्मीहरूले व्यापक रूपमा खोजतलास गरिरहेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।

# आगलागीपीडित थापामगर परिवारलाई आवास र राहत

सिरहा । यहाँको लहान नगरपालिका-१५ लाग्राहमा गत वैशाख ३० गते विद्युत् सर्ट भएर भएको आगलागीमा घर पूर्ण रूपमा नष्ट भएका मदन थापामगरको परिवारलाई लहान नगरपालिकाले राहत तथा अस्थायी आवासको व्यवस्था गरेको छ ।

नगर प्रहरी र वडा कार्यालयको सक्रियतामा पीडितपरिवारका लागि आज अस्थायी टेन्टहाउस निर्माण गरिएको हो । आगलागीपछि बिचल्लीमा परेको परिवारलाई सोमबार नै लहान नगरपालिकाले खाद्यान्नसहित राहत सामग्री वितरण गरेको जनाएको छ ।

आजपीडितपरिवारलाईभेट्दै नगरप्रमुख महेशप्रसाद चौधरीले दुई दिनभित्रै जस्तापातासहित नयाँ घर निर्माण गरिदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँका अनुसार घर निर्माणका लागि आवश्यक जस्तापाता घटनास्थलमा पुर्याइसकिएको छ । नगरप्रमुख चौधरीले भन्नुभयो, "हामीलाई घटनाबारे ढिला जानकारी भयो । थाहा पाउनेबित्तिकै नगरपालिकाबाट राहत सामग्रीसहित टोली पठाएका हौँ । दुःखको यस घडीमा अब ढिलाइ नगरी नगर प्रहरीको टोली परिचालन गरेर दुई दिनभित्र जस्तापातासहितको सुरक्षित घर निर्माण गरिनेछ ।"

वडा नं १५ का वडाध्यक्ष तेजनारायण चौधरीले तत्काल बसोबासको समस्या समाधान गर्न नगर प्रहरीको सहयोगमा टेन्टहाउस व्यवस्थापन गरिएको जानकारी दिनुभयो । पीडित मदन थापामगरका अनुसार वैशाख ३० गते दिउँसो घरमा कोही नभएको अवस्थामा अचानक आगलागी भएको थियो । आगलागीबाट ३५ हजार रूपैयाँ नगद, लत्ताकपडा, खाद्यान्न तथा घरभित्र रहेका सम्पूर्ण सामग्री जलेर नष्ट भएका छन् । साथै घरअगाडि रहेका दुईवटा आँपका बोटसमेत आगोले क्षति पुगेको छ । रासस




# चौधौँ वर्षमा वाग्मती सफाइ महाअभियान

काठमाण्डु । 'राष्ट्रका लागि हप्तामा दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ सुरु भएको वाग्मती सफाइ महाअभियान आजदेखि १३ औं वर्ष पूरा गरी १४ औं वर्षमा प्रवेश गरेको छ ।

विसं २०७० जेठ ५ गते राजधानी काठमाण्डुको सभ्यताको स्रोत वाग्मतीलाई स्नान गर्न योग्य बनाउने उद्देश्यका साथ सफाइ महाअभियान सुरु भएको थियो । पहिलो चरणमा पशुपति क्षेत्रसम्मको नदी सफा गर्ने लक्ष्य राखिएको थियो । पचासौं हप्ताको कार्यक्रममा तत्कालीन राष्ट्रपति डा रामवरण यादवलगायत विशिष्ट व्यक्तित्वले गौरीघाटमा मुख धुनुभएको थियो ।

सफाइ महाअभियानको नेतृत्व तत्कालीन मुख्यसचिव लीलामणि पौडेलले गर्नुभयो । हालसम्म पनि उहाँको नेतृत्व जारी छ । त्यसबेलादेखि प्रत्येक हप्ता शनिबार बिहान गर्मीमा ७:०० बजेदेखि ९:०० बजेसम्म र जाडोमा ७:३० बजेदेखि ९:३० बजेसम्म वाग्मती नदीका विभिन्न स्थानको किनारमा सफाइ हुने गरेको छ । महाअभियान आगामी शनिबारदेखि ६८० औं हप्तामा प्रवेश गर्दैछ ।

वाग्मतीबाट हालसम्म २२ हजार मेट्रिक टनभन्दा बढी फोहर व्यवस्थापन भएको छ । महाअभियानमा १५ लाखभन्दा बढीले नदीमै गएर फोहर उठाएका छन् । सफाइमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सरकारी एवं सामुदायिक संस्थाले पनि योगदान गरेका छन् । धेरै मानिसले महाअभियानलाई सहयोग गरे पनि उद्देश्य अनुसार उपलब्धि हुन नसकेको गुनासो सुनिने गरेको छ ।



महाअभियान १४ औं वर्ष प्रवेश गरेकै बेला देशभरका ७५३ स्थानीय तहमा दोस्रो निर्वाचन सकिएको पनि दुई वर्ष पूरा भएको छ । महाअभियानका अभियानकर्मी डा माला खरेल फोहर व्यवस्थापनमा स्थानीय सरकारको साथ अत्यावश्यक पर्ने बताउनुहुन्छ ।

महाअभियानबाट प्रभावित भएर काठमाडौं उपत्यकामा वाग्मतीका सहायक नदी, वाग्मतीकै पनि विभिन्न स्थानमा सफाइ अभियान चलिरहेको छ । काठमाडौं उपत्यकाका हाल गुह्येश्वरीमाथिको वाग्मती, तिलगङ्गा, आलोकनगर, सुन्दरीघाट, मैतीदेवी, रुद्रमती, विष्णुमतीको माथिल्लो र तल्लो भाग, चक्रपथका उत्तरी र पश्चिमी भाग, मनोहरा, ललितपुरको गोदावरी खोला, भक्तपुरको हनुमन्तेलगायत सांस्कृतिक सम्पदा गरी २५ स्थानभन्दा बढी ठाउँमा सफाइ भइरहेको छ ।

काठमाण्डु उपत्यका बाहिरका प्रमुख सहर, नदी र सांस्कृतिक सम्पदामा पनि सफाइ अभियान चलेको छ । काठमाडौं उपत्यका बाहिर करिब १०९ भन्दा बढी स्थानमा सफाइ भइरहेको महाअभियानले जनाएको छ । महाअभियानले देशव्यापी रुपमा सफाइ जागरण फैल्याउन सफल भएको छ ।

अभियानको सफलताका लागि स्थानीय सरकारले साथ दिनुपर्ने अभियानकर्मीको माग छ । वाग्मती सफाइ महाअभियानबाट प्रभावित भएर देशभर चलिरहेको सफाइ अभियानले स्थानीय सरकारकै काममा सहयोग गरिरहेको भए पनि स्थानीय सरकारको ध्यान नजाँदा हुनुपर्ने जति प्रभावकारी नभएको टिप्पणी हुने गरेको छ ।

महाअभियानले १४ औं वर्ष प्रवेशको कार्यक्रम विशेषरुपमा गरेको छ । यसअघिका कार्यक्रम अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिसँगको सहकार्यमा गर्ने गरिएकामा यसपटक भने अभियानकर्मीकै समूहले बानेश्वरमा गरेको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिनुभयो ।रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. २, वकिलटोल, धनुषाबोर्डिङ्गस्कूल होस्टलको पछाडिपट्टी भएको आफ्नै घरको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०२/०५ गते करिब बिहान ०३:०० बजे म.प्र. ०२-००९ प ३३९१ नम्बरको रातो रंगको ईन्जिन नं. DE4FS2600065 चेचिस नम्बर MD634KE44SZF00089 को टिभिएस कम्पनीको Apache 160 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः राज किशोर साह**
**ठेगानाः विदेह न.पा.-६, धनुषा**
**मो.नं. ९८४४३२३५०५**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** व्यवसाय तथा अध्ययन-शिक्षाको क्षेत्रमा क्रमिक तर स्थिर प्रगति देखिन्छ।
**वृष :** आत्मबल, आत्मविश्वास र दृढ इच्छाशक्ति उच्च रहने समय हो ।
**मिथुन :** योजनाबद्ध ढंगले काम गर्दा चुनौतीहरु लाई अवसरमा रुपान्तरण गर्न सकिनेछ।
**कर्कट :** अड्किएको धन फिर्ता आउने समय छ।
**सिंह :** पेशागत क्षेत्रमा उल्लेखनीय सफलता प्राप्त हुने समय छ ।
**कन्या :** सामाजिक तथा धार्मिक कार्यहरुमा सक्रियता बढ्नेछ ।
**तुला :** मनमा केही अशान्ति र द्विविधा उत्पन्न हुन सक्छ ।
**वृश्चिक :** व्यक्तिगत तथा व्यावसायिक सम्बन्धहरुमा सुधार आउनेछ।
**धनु :** सानो प्रयासबाट पनि उल्लेखनीय उपलब्धि हासिल गर्न सकिने समय छ।
**मकर :** आनन्ददायी यात्रा तथा नयाँ अनुभव प्राप्त हुने सम्भावना छ ।
**कुम्भः** मानसिक तनाव र खर्चमा वृद्धि हुन सक्ने संकेत छन् ।
**मीनः** सामाजिक प्रतिष्ठामा वृद्धि हुने समय छ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**जनकपुरधाम ०४१**

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नारायणगढ-मुग्लिन सडकमा पहिरोको उच्च जोखिम भएका ठाउँमा नियन्त्रणको काम गरिँदै



चितवन । नारायणगढ-मुग्लिन सडक खण्डका पहिरोको उच्च जोखिम भएका तीन ठाउँमा पहिरो नियन्त्रणको काम गरिने भएको छ । डिभिजन सडक कार्यालयले बोलपत्र आह्वान गरी ठेक्का प्रक्रिया अघि बढाएको छ ।

सो सडकखण्डका नाम्सिखोला, कालिखोला र तुइन खोलामा पहिरो नियन्त्रणका काम गर्न लागिएको हो । कार्यालयका इन्जिनियर अर्जुन घिमिरेका अनुसार नाम्सिखोलाको दुवै तर्फको भित्तोमा पहिरो रोकथामको काम गरिँदै छ । नारायणगढबाट ३२ दशमलव एक किलोमिटर मुग्लिनतर्फ खोलो पर्दछ । जसको नारायणगढ तर्फको डाँडोको उचाइ १२० मिटर र मुग्लिन तर्फको उचाइ ९० मिटर रहेको छ । यसैगरी, कालिखोलाको दायाँबायाँको भित्तोको पहिरो रोकथामको काम गरिने छ । नाम्सिखोलाबाट ५०० मिटर मुग्लिनतर्फ पर्ने यो खोलामा नारायणगढ तर्फको भित्ताको उचाइ ६० मिटर र मुग्लिनतर्फको उचाइ ५० मिटर छ । सोही सडकको तुइन खोलामा नारायणगढतर्फ रहेको १०५ मिटर अग्लो भित्तोको पहिरो रोकथामको कार्य अगाडि बढाइने भएको छ । यो ठाउँ नारायणगढबाट ३३ दशमलव नौ किलोमिटर टाढा रहेको छ ।

इन्जिनियर घिमिरेका अनुसार यी तिनै ठाउँमा भित्तामा चार मिटर ड्रिल गरेर रड भित्र छिराएर बाहिरबाट तारा जालीले बाँधिने छ । यो प्रविधिलाई 'रक नेटिङ' भनिन्छ । भित्र रहेको रडले जाली अड्याउने र जालीले ढुङ्गामाटो भित्र अड्याउँछ । घिमिरेका अनुसार जाली लगाएपछि बायोइन्जिनियरिङ विधिको प्रयोग गरी पुरै डाँडो हरियाली बनाइने छ ।

यो सडक खण्डमा रहेका ४३ वटा पहिरोको जोखिम ठाउँमध्ये तीन उच्च जोखिमका ठाउँलाई मात्र पहिरो रोकथामका लागि बजेट पुगेको हो । क्रमशः बजेट सुनिश्चित भएसँगै अन्य ठाउँको पहिरो रोकथामको काम गरिने छ । ती तीन वटा पुललाई दुईवटा प्याकेज बनाएर सडक कार्यालयले बोलपत्र आह्वान गरेको हो ।

इन्जिनियर घिमिरेका अनुसार पहिलो प्याकेज तुइनखोला र नाम्सिखोलाको मुग्लिनतर्फ पर्दछ । यसको वैशाख २५ गते बोलपत्र आह्वान गरिएको छ । दोस्रो कालिखोलाको दुवैतर्फ र नाम्सिखोलाकोनारायणगढतर्फको वैशाख २९ गते बोलपत्र आह्वान गरिएको हो । यी दुवै प्याकेजको बजेट रु ४२ करोड ४० लाख रहेको छ ।

खरिद प्रक्रिया पूरा गरी काम गर्दा असारको अन्तिम साता पुग्ने अनुमान छ । ठेक्का लागेसँगै सुरुमा झर्न लागेका माटाका ढिस्का र ढुङ्गा झारिने घिमिरेले जानकारी दिनुभयो । बर्सातको समयमा पानी पर्दा हिलोसहितको पहिरो र घाम लाग्दा सुक्खा पहिरो खस्ने गर्दछ । यो सडक हुँदै दैनिक १० हजार हाराहारी सवारीसाधन आवतजावत गर्दछन् । राजधानी प्रवेश गर्ने र बाहिरिने मुख्य सडकका रूपमा यो रहेको छ । रासस

## प्रहरीको तीनवर्षे रणनीतिक योजना सार्वजनिकः

# नागरिक केन्द्रित र प्रविधिमैत्री सेवा प्राथमिकतामा

**"हाम्रो मुख्य उद्देश्य नागरिकको विश्वास जित्नु हो, प्रविधिको अधिकतम प्रयोग गरी जनतालाई छिटो र छरितो सेवा दिनु हो,"**

काठमाण्डु । नेपाल प्रहरीले नागरिक केन्द्रित प्रहरी सेवा र प्रविधिमैत्री रूपान्तरणलाई मुख्य प्राथमिकतामा राखेर आगामी तीन वर्षका लागि रणनीतिक योजना सार्वजनिक गरेको छ ।

प्रहरी प्रधान कार्यालय नक्सालमा आज एक कार्यक्रमको आयोजना गरी प्रहरी सङ्गठनलाई अझै सक्षम, उत्तरदायी र भरोसायोग्य संस्थाका रूपमा स्थापित गर्ने लक्ष्यका साथ रणनीतिक योजना सार्वजनिक गरेको हो ।




कार्यक्रममा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रविधिको अधिकतम प्रयोग गरी जनतालाई छिटोछरितो सेवा गर्ने लक्ष्यका साथ २०८३/८५ रणनीतिक योजना अगाडि सारिएको बताउनुभयो ।

रणनीतिक योजना केवल कागजमा सीमित नभई यसको सफल कार्यान्वयनमा सम्पूर्ण प्रहरी अधिकारी प्रतिबद्ध हुनुपर्ने उहाँले बताउनुभयो । "हाम्रो मुख्य उद्देश्य नागरिकको विश्वास जित्नु हो, प्रविधिको अधिकतम प्रयोग गरी जनतालाई छिटो र छरितो सेवा दिनु हो," उहाँले भन्नुभयो ।

प्रहरी महानिरीक्षक कार्कीले उक्त रणनीतिक योजनाले नेपाल प्रहरीलाई दक्षिण एसियाकै एक उत्कृष्ट र भरपर्दो सुरक्षा निकायका रूपमा स्थापित गर्ने विश्वास व्यक्त गर्नुभयो । योजनाले नेपाल प्रहरीलाई समयसापेक्ष आधुनिक र नागरिकमैत्री बनाउने लक्ष्य राखेको उहाँले बताउनुभयो ।

रणनीतिक योजनाको मुख्य विषय 'चुस्त प्रहरी सेवा-सुरक्षित समुदाय' रहेको छ । उक्त रणनीतिमा सातवटा रणनीतिक क्षेत्र, ३६ वटा रूपान्तरणकारी रणनीति र ९९ वटा मुख्य कार्यक्रम समेटिएका छन् ।

उक्त रणनीतिको अल्पकालीन लक्ष्यमा नीतिगत र कानुनी सुधार, समुदाय प्रहरी सहकार्य संस्थागत र सुदृढ, समस्या र पूर्वानुमानमा आधारित रोकथाम र नियन्त्रण प्रणाली, जनशक्तिको सेवा विशिष्टीकृत, अपराध अनुसन्धान र प्रहरी कार्यका विशिष्टीकरण र आधारभूत क्षमता स्थापना प्रहरी प्रशासन र सेवा प्रवाहका प्रणालीको कार्यदक्षता र कार्य प्रभावकारितामा सुधार समेटिएका छन् ।

यस्तै, दीर्घकालीन लक्ष्यमा समाजमा शान्ति सुव्यवस्था, न्यायिक पहुँच र प्रहरी सेवा प्रवाहको स्तरमा अभिवृद्धिद्वारा सुशासन प्रवर्द्धन, पारदर्शी प्रहरीद्वारा जनविश्वास र सन्तुष्टिको स्तरमा अभिवृद्धि, अपराध रोकथाम, नियन्त्रण र अनुसन्धानमा प्रभावकारिता, दक्ष, नैतिकवान र उत्प्रेरित मानव संसाधन, सुदृढ पूर्वाधार र कार्यवातावरण रहेका छन् ।

रणनीतिक क्षेत्र तथा लक्ष्यमा नीति, योजना र अन्तरराष्ट्रिय समन्वय, शान्ति सुरक्षा र विपद् व्यवस्थापन, अपराध रोकथाम र नियन्त्रण, प्रविधिमार्फत अपराध अनुसन्धान, दक्ष र उच्च मनोबलयुक्त जनशक्ति तयार पार्ने, भौतिक पूर्वाधार र स्रोतसाधनको सुदृढीकरण तथा सूचना प्रविधि र एआईको प्रयोग रहेका छन् ।

प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयले तयार पारेको उक्त रणनीतिले प्रहरीले अल्पकालीन रूपमा नीतिगत र कानुनी सुधार, जनशक्तिको वृत्ति विकास र अपराध रोकथाम प्रणालीमा सुधार गर्ने लक्ष्य राखेको छ ।

त्यस्तै, दीर्घकालीन रूपमा समाजमा शान्ति सुव्यवस्था कायम गर्ने, पारदर्शी प्रहरी सेवामार्फत जनविश्वास आर्जन गर्ने र दक्ष एवं नैतिकवान मानव संसाधन विकास गर्ने उद्देश्य लिइएको छ ।

प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रहरी नायब महानिरीक्षक राजेन्द्रप्रसाद भट्टले उक्त रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्ययोजना निर्माण गरिने र महानिरीक्षकदेखि इलाका प्रहरी कार्यालयसम्मका कार्यालय प्रमुखले कार्यसम्पादन सम्झौता गरी काम गर्नुपर्ने व्यवस्था गरिएको जानकारी दिनुभयो ।

उक्त कार्यले प्रहरी सेवालाई थप पारदर्शी र परिणाममुखी बनाउने अपेक्षा प्रहरी प्रधान कार्यालयले गरेको छ ।

**'नेपाल पुलिस मोबाइल एप' सार्वजनिक**

सोही अवसरमा नागरिकको सुविधाका लागि 'नेपाल पुलिस मोबाइल एप' मार्फत अनलाइन गुनासो व्यवस्थापन प्रणालीको शुभारम्भ गरिएको छ ।

नागरिकले प्रहरी कार्यालयमै नगई मोबाइल एपमार्फत आफ्ना उजुरी र गुनासोहरू दर्ता गर्नेगरी उक्त एप्स सञ्चालनमा ल्याइएको हो । दर्ता भएका गुनासोको अवस्था पनि 'डिजिटल' रूपमै 'ट्र्याक' गर्न सकिने व्यवस्था मिलाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । उक्त कार्यले प्रहरी सेवामा पारदर्शिता र उत्तरदायित्व बढाउने विश्वास लिइएको छ ।

कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले प्रहरी वरिष्ठ नायक निरीक्षक (वरिष्ठ सई) श्रीहरि केसीद्वारा लिखित 'दुवाकोटदेखि मिसनसम्म' पुस्तकको विमोचन गर्नुभयो । उक्त पुस्तकमा लेखक केसीले आफ्नो दुई दशकभन्दा लामो प्रहरी जीवनका अनुभव र भोगाइलाई समेट्नुभएको छ । रासस


## डाडाखेत-राहुघाट प्रसारण लाइन आयोजना :

# निर्णय भएको दुई वर्षपछि रुख कटान आदेश

म्याग्दी । म्याग्दीमा निर्माणाधिन १३२ केभी क्षमताको डाडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाका लागि सामुदायिक र राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय दुई वर्षपछि कार्यान्वयन भएको छ ।

मालिका गाउँपालिका-७ डाडाखेतदेखि रघुगङ्गा गाउँपालिका-३ अम्बाङ जोड्ने २५ किलोमिटर दूरीको प्रसारण लाइनको 'राइट अफ वे' र टावर रहने २५.६२ हेक्टर सामुदायिक र राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न लागि २०८० साल फागुन ६ गतेको मन्त्रिपरिषद्ले बैठकले स्वीकृति प्रदान गरेको थियो ।

मन्त्रिपरिष्दले स्वीकृति दिएको दुई वर्ष दुई महिनापछि डिभिजन वन कार्यालयबाट गत शुक्रबार कटान आदेश प्राप्त भएको आयोजना प्रमुख रोशन अग्रवालले बताउनुभयो ।




"कटान आदेश नपाउँदा वन क्षेत्रमा तार तान्ने काम रोकिएको थियो", उहाँले भन्नुभयो, "वन डिभिजनले कटान आदेश दिएपछि रोकिएको कामले गति लिएको छ ।"

आयोजना निर्माणस्थलमा तीन हजार ९३६ वटा रुख छन् । प्रसारण लाइनका ८२ वटा टावरमध्ये ४० वटा वन क्षेत्र र ४२ वटा व्यक्तिगत जग्गामा रहेका छन् । वन क्षेत्रको जग्गा प्रयोग गरेबापत आयोजनाले २०८१ साल असोजमा ५०४ रोपनी जग्गा खरिद गरी बिरुवा हुर्काउनका लागि पहिलो किस्ताबापतको रकमसमेत उपलब्ध गराइसकेको थियो ।

डिभिजन वन कार्यालयका प्रमुख वसन्तकेशव अधिकारीले स्वीकृत भएका रुख पहिचान गर्न स्थलगत अनुगमन गर्नुपर्ने भएकाले कटान आदेश दिन ढिलाइ भएको बताउनुभयो । म्याग्दी र राहुघाट वेसिनका जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन सञ्चालित आयोजनाको हालसम्म ८० प्रतिशत भौतिक प्रगति भएको छ । प्रसारण लाइन र सबस्टेशन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एन्ड टुयुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो ।

पहिलोपटकको म्याद गत जुलाई १६ र दोस्रोपटकको म्याद नोभेम्बर १६ सम्ममा सकिएपछि २०२६ मे १६ सम्मका लागि तेस्रोपटक म्याद थपिएको थियो । प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने वन क्षेत्रमा रुख कटान आदेश प्राप्त नहुनु, राहुघाट सबस्टेशन निर्माणस्थलको कमजोर भूगोल, विपद्को जोखिम र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले निर्माण अवधि लम्बिएको आयोजना प्रमुख अग्रवालले बताउनुभयो ।

उहाँका अनुसार अबको तीन महिनाभित्र सम्पन्न गर्ने लक्ष्यसहित ठेकेदारले निर्माणकार्यलाई तीव्रता दिएका छन् । १३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको हालसम्म ८२ वटामध्ये ७१ वटा खडा भएका छन् । प्रसारण लाइन र सबस्टेशनको उपकरण आयात भइसकेको छ ।

डाडाखेतको सबस्टेशनमा ९५ प्रतिशत, प्रसारण लाइनमा ७० प्रतिशत र राहुघाट सबस्टेशनमा ६५ प्रतिशत प्रगति भएको छ । एलएनटिका आयोजना व्यवस्थापक सुभाषचन्द्र शर्मोले मजदुर र उपकरण थपेर तोकिएको समयभित्र सम्पन्न गराउने प्रतिबद्धता जनाउनुभयो ।

एकाउन्न रोपनी क्षेत्रफलमा निर्माण भएको डाडाखेत सबस्टेशनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान भइरहेको छ । २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।

कुल रु चार अर्ब ८८ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि रु एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र रु तीन अर्ब ८२ करोड एसियाली विकास बैंकको ऋण लगानी छ । एसियाली विकास बैंकसँग भएको २७ मिलियन डलर ऋण सम्झौता पछिल्लोपटक बढाएर ३१ मिलियन डलर बनाइएको छ । एसियाली विकास बैंकले विद्युत् प्रसारण लाइन आधुनिकीकरण परियोजनामार्फत राहुघाट-डाडाखेत प्रसारण लाइन बनाउन ऋण लगानी गरेको हो ।

म्याग्दी नदीमा १७२.८ मेगावाट क्षमताको चारवटा जलविद्युत् आयोजना निर्माणाधीन छन् । राहुघाटमा ३५.५ मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, ४८ मेगावाटको अपर राहुघाट, २१.३ मेगावाट क्षमताको ठुलोखोला र २३.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले उत्पादन थालेका छन् ।

चालीस मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् । तुदी पावरले बनाएको चिमखोला-राहुघाट-मङ्गले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रसारण लाइनमा विद्युत् आपूर्ति गराएका छन् । रासस

# विश्वविद्यालयका उपकुलपतिको कामकाजको जिम्मेवारी दिइएका प्राध्यापकहरूसँग अन्तरक्रिया



काठमाण्डु । विभिन्न विश्वविद्यालयहरूमा सङ्क्रमणकालका लागि उपकुलपतिको कामकाज गर्ने गरी जिम्मेवारी दिइएका प्राध्यापकहरूसँग विश्वविद्यालयको कामकाज र योजनाबारे अन्तरक्रिया गरिएको छ ।

विश्वविद्यालयहरूका सहकुलपतिसमेत रहनुभएका शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको उपस्थितिमा भएको अन्तरक्रियामा नयाँ व्यवस्था नहुन्जेल विश्वविद्यालयका कामकाज प्रभावित हुन नदिन तथा अध्ययन-अध्यापनलाई निरन्तरता दिन आवश्यक कदमबारे सम्बन्धित पदाधिकारीहरूबाट योजना प्रस्तुत भएको छ ।

सो अवसरमा मन्त्री पोखरेलले विश्वविद्यालयका परीक्षा, दैनिक प्रशासनिक कामहरूलाई निरन्तरता दिन तथा दीर्घकालीन असर पर्ने निर्णयहरू नगर्न निर्देशन दिनुभयो ।

विभिन्न विश्वविद्यालयमा उपकुलपति नियुक्तिको प्रक्रिया जारी रहेको छ । उपकुलपति नियुक्तिका लागि आठ वटा विश्वविद्यालयमा सिफारिस समिति गठन भई आवेदन दिने समय समाप्त भएका तथा छनोट प्रक्रिया अघि बढिसकेको छ । अन्य विश्वविद्यालयहरूमा पनि छिट्टै प्रक्रिया अघि बढाइने जनाइएको छ । सरकारले आठ विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि नयाँ कार्यविधि स्वीकृत गरी सोही बमोजिम उपकुलपति छनोट प्रक्रिया सुरु गरिसकेको छ । नियुक्ति प्रक्रियामा पारदर्शिता, योग्यता प्रणाली र प्रक्रियागत निष्पक्षता बलियो बनाउन विज्ञ समितिमार्फत छनोट गर्ने व्यवस्थासहित 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' ल्याइएको हो ।

सोही अनुरूप अहिले उपकुलपति छनोट प्रक्रिया अघि बढेको मन्त्रालयले उल्लेख गरेको छ । रासस

# नयाँ आइटी पाठ्यक्रम तयार हुँदै

काठमाण्डु । बजारको मागअनुसार सूचना प्रविधि क्षेत्रको जनशक्ति उत्पादन गर्न सघाउ पुर्याउने पाठ्यक्रम निर्माणसम्बन्धी बहस सुरु भएको छ ।

विज्ञहरूले स्नातक तहअन्तर्गत सूचना प्रविधि विषयको पाठ्यक्रमलाई समसामयिक र व्यावहारिक बनाई उद्योग तथा व्यापारिक प्रतिष्ठानको माग सम्बोधन गर्नुपर्ने सुझाव दिनुभएको छ ।

यसै सन्दर्भमा सूचना प्रविधि तथा सफ्टवेयर कम्पनीहरूको साझा संस्था 'नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आइटी सर्भिसेस कम्पनिज' (नास-आइटी)द्वारा यहाँ आयोजित अन्तरक्रिया कार्यक्रममा विषय विज्ञहरूले समयानुकुल दक्ष जनशक्ति उत्पादनका लागि नयाँ पाठ्यक्रम निर्माण गर्नुपर्ने खाँचो औँल्याउनुभयो । सो अवसरमा नास-आइटीका अध्यक्ष गौरव पाण्डेले राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारलाई समेत दृष्टिगत गरी सूचना प्रविधिसम्बन्धी विषयको पाठ्यक्रम तयार गर्नुपर्ने सुझावलाई आत्मसात् गरी अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।



अध्यक्ष पाण्डे भन्नुहुन्छ, "उद्योगले खोजेअनुसारको सीप विद्यार्थीमा नहुँदा एकातिर विद्यार्थी बेरोजगार हुनुपर्ने र अर्कातिर उद्योगले जनशक्ति पाउन नसक्ने समस्याको अन्त्य गर्दै बजारको मागअनुसार जनशक्ति तयार गर्नेगरी पाठ्यक्रम निर्माण गर्न लागि परेका छौं ।"

नेपाल खुला विश्वविद्यालयको स्कुल अफ आइटीका प्रमुख डा भोजराज घिमिरेले नयाँ पाठ्यक्रममा एआई, डेटा साइन्स, ब्लकचेन, क्लाउड कम्प्युटिङ, साइबर सुरक्षालगायत नयाँ विषयधहरू समावेश हुने जानकारी दिनुभयो ।

कार्यक्रममा एआईले सूचना प्रविधि उद्योगलाई आमूल रूपमा रूपान्तरण गरिरहेको अवस्थामा नयाँ पाठ्यक्रममार्फत समस्या समाधान गर्ने क्षमता, डेटा बुझाइ, क्रिटिकल थिङ्किङ र एआईसँग काम गर्नसक्ने क्षमता राख्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपाल खुला विश्वविद्यालयसँगको सहकार्यसहित 'स्वीस एजेन्सी फर डेभलपमेन्ट एन्ड कोअपरेसन (एसडिसी) र स्वीस कन्ट्याक्ट'को वित्तीय तथा प्राविधिक सहयोगमा नयाँ पाठ्क्रम निर्माण प्रक्रिया अघि बढेको हो । रासस

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममा चार हजार बढी किसान आबद्ध

अत्तरिया । कैलालीमा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममा चार हजार ८८९ किसान आबद्ध भएका छन् ।

जिल्लामा सञ्चालित 'गहुँ सुपरजोन', 'तेलहन जोन', 'धान जोन' र 'माछा जोन' कार्यक्रममा किसान आबद्ध भएका हुन् ।


चालु आर्थिक वर्ष २०८२/८३ मा चारवटै जोनमा तीन हजार ८१ महिला र एक हजार ८०८ पुरुष आबद्ध भएका राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाइ कैलालीका सूचना अधिकारी भीष्मराज रेग्मीले जानकारी दिनुभयो ।

चालु आर्थिक वर्षमा सहकारी, कृषि समूह, कृषि उद्यमी र समिति गरी ४६३ संस्था सूचीकृत भएका उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार हाल गहुँ सुपरजोन सात हजार २०० हेक्टर, तेलहन जोन एक हजार ५०० हेक्टर, धान जोन एक हजार ५०० हेक्टर र माछा जोन ५०५ हेक्टर क्षेत्रफलमा सञ्चालित छ ।



सूचना अधिकारी रेग्मीका अनुसार कार्यक्रम सञ्चालन भएपछि गहुँको उत्पादकत्व दुई दशमलव नौ मेट्रिक टन प्रतिहेक्टरबाट वृद्धि भएर हाल चार दशमलव छ, तोरीको उत्पादकत्व शून्य दशमलव नौ मेट्रिक टनप्रति हेक्टरबाट वृद्धि भएर एक दशमलव २३ र धानको उत्पादकत्व तीन दशमलव ४७ बाट वृद्धि भएर पाँच दशमलव ३१ मेट्रिक टन प्रतिहेक्टर पुगेको छ । त्यसैगरी, कार्यक्रम सञ्चालित क्षेत्रमा कार्प जातका माछाको उत्पादकत्व चार दशलव सात मेट्रिक टन प्रतिहेक्टर र पङ्गासियर्सको ३६ दशमलव दुई मेट्रिक टन प्रतिहेक्टर रहेको उहाँले जानकारी दिनुभयो ।

'गहुँ सुपरजोन' जिल्लाको कैलारी गाउँपालिका, गौरीगङ्गा र घोडाघोडी नगरपालिकाका विभिन्न १८ वडामा, 'तेलहन जोन' जानकी, जोशीपुर गाउँपालिका, भजनी, घोडाघोडी नगरपालिका र बर्दगोरिया गाउँपालिकाका विभिन्न २९ वडा र 'धान जोन' जोशीपुर गाउँपालिका, भजनी नगरपालिका र जानकी गाउँपालिकाका विभिन्न नौवटा वडामा सञ्चालनमा रहेको उहाँले जानकारी दिनुभयो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# न्यायालयमा अनुशासन

सरकारले प्रधानन्यायाधीश पदका लागि चौंथो वरीयतामा रहेका डा.मनोज शर्मालाई सिफारिस गरेपछि कार्यपालिका र न्यायपालिकाबीचको सम्बन्ध चिसिएको छ ।तर अब त्यसमा व्यवस्थापिका पनि मुछिएको छ ।सर्वोच्च अदालतको काम कारवाहीबारे संसदमा आवाज उठाउन पाइँदैन् ।न्यायपरिषद्मा बहुमतबाट गरिएको सिफारिसप्रति न्यायाधीश र कानुन व्यवसायीहरु असन्तुष्ट छन् ।कानुन व्यवसायीहरुले अदालतको मर्यादाक्रम भंग गरेर सरकारले न्यायिक हस्तक्षेप गरेको आरोप लगाएका छन् ।न्यायाधीशहरु भने बिभाजित छन् ।केही न्यायाधीशले वरीयताको क्रमलाई भंग गर्नु संवैधानिक प्रक्रिया नै रहेको तर्क गरिरहेका छन् ।सर्वोच्च अदालतको ६ जना वरिष्ठ्तम् न्यायाधीशहरु मध्ये एकजनालाई न्यायापरिषद्बाट प्रधानन्यायाधीशको बहुमतले सिफारिस गरिने अध्यादेशबाट पछिल्लो पटक संशोधन गरिएको ऐनमा नै छ ।सरकारले त्यो अधिकारको प्रयोग गरेको छ ।सरकारले तीन जना वरिष्ठलाई उछिनेर चौथो वरीयतामा रहेका शर्मालाई प्रधानन्यायाधीश सिफारिस गर्दे आगामी दिनमा पनि सरकारले आफूले चाहेका न्यायाधीशहरु मध्येबाट नै प्रधानन्यायाधीश चयन गर्नसक्ने छन् ।प्रधानन्यायाधीशको विषयमा कार्यवाहक प्रधानन्यायाधीश सपना मल्ल प्रधानले सार्वजनिक रुपमा अभिव्यक्ति दिएपछि त्यस बिरुद्ध व्यवस्थापिकामा आवाज उठ्यो ।सत्तासीन दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सांसदहरुले प्रतिनिधि सभाको बैठकमा प्रधानको अभिव्यक्तिको आलोचना गरियो ।प्रतिनिधि सभामा रास्वपाको प्रचण्ड बहुमत छ ।तर प्रधानन्यायाधीशको विषयमा प्रतिनिधि सभाको बैठकमा आवाज उठेपछि न्याय क्षेत्र तरंगित बनेको छ ।न्यायालयमा रहेकाहरु गुटमा बिभाजित भएका छन् ।न्यायाधीशहरुले गुट खडा गरेका छन् ।कर्मचारीहरुले पनि गुट खडा गरेका छन् ।न्यायालयमा चरम गुटबन्दी गरिएको छ ।कर्मचारीहरुले प्रधानन्यायाधीशको आदेशलाई समेत कार्यान्वयन गरिरहेका छैन् ।अदालतको कर्मचारीहरुको अवरोधले न्यायालयमा राजनीतिक हस्तक्षेप हुनु लोकतान्त्रिक पद्धतिलाई अंगीकार गरेको देशमा कार्यपालिका, न्यायापालिका र व्यवस्थापिकाबीच सुसमधुर सम्बन्ध हुन आवश्यक छ ।कार्यवाहक न्यायाधिशले दिएको आदेशलाई कर्मचारीले अटेर गर्न पाउँदैन् ।न्यायाधिशकालागि पनि आचार संहिता लागु गरिएको छ ।त्यस विपरीतको आचरण गर्नु हुँदैन् ।अहिलेको अवस्थालाई सरकारले पहलगरी सक्दो चाँडो अन्त्य गर्नुपर्छ ।लोकतन्त्रमा कार्यपालिका, व्यवस्थापिका र न्यायापालिकाबीचको सम्बन्ध चिसिनु हुँदैन ।संविधानले नै सबैको क्षेत्र फरक गरिदिएकोले त्यो सीमा भन्दा बाहिर कोही जानु हुँदैन् ।अदालतमा कार्यरत कर्मचारीहरुले न्यायाधीशको आदेश अस्वीकार गर्ने कुनै अधिकार छैन् ।प्रधानमन्त्री कार्यालय धाएर अदालतमा सरकारलाई छिराउने कार्यमा कर्मचारीहरु बढी नै अगाडि देखिएका छन् ।तत्कालका लागि केही कर्मचारीहरुले फाइदा सोचेको हुन सक्छ ।तर दीर्घकालीन रुपमा त्यसले अदालत र कर्मचारीलाई समेत क्षति मात्र गर्ने छ ।सर्वोच्च अदालत नै स्वच्छ हुन नसकेपछि मातहतका अदालतहरुमा अनेक समस्या आउन सक्छ ।त्यसकारण अदालतमा अनुशासनको कडाईका साथ पालना हुनुपर्छ ।

# विपदको कारण जलवायु परिवर्तन कि अव्यवस्थित विकास?



डा. नारायण मरासिनी

नेपालमा पछिल्ला वर्षहरूमा बाढी, पहिरो, डुबान, खडेरी, अनावृष्टि, अतिवृष्टि, हिमपहिरो, डढेलो तथा अत्यधिक गर्मी एवम् शीतलहरजस्ता विपदका घटनाहरू बढ्दो चिन्ताको विषय बनेका छन् ।

यस्ता घटना भएपछि सामान्य रूपमा 'जलवायु परिवर्तनको असर' भन्ने निष्कर्ष निकाल्ने चलन बढेको छ । निश्चय नै विश्वव्यापी तापक्रम वृद्धि, अनियमित वर्षा, हिमनदी पग्लिने क्रम, मौसमी असन्तुलन तथा चरम मौसमीय घटनाहरूको वृद्धि नेपालका लागि गम्भीर चुनौती हुन् ।

तर नेपालको सन्दर्भमा सबै विपद जलवायु परिवर्तनकै कारण भएका हुन् भन्ने निष्कर्ष पर्याप्त छैन। यहाँका धेरै समस्या प्राकृतिक कारणसँगै अव्यवस्थित विकास, कमजोर योजना, नीतिको कार्यान्वयन अभाव तथा निकायहरूबीच समन्वयहीनतासँग पनि गहिरो रूपमा जोडिएका छन् ।

नेपालको मुख्य चुनौती आज जलवायु परिवर्तन छ कि छैन भन्ने बहस होइन, विकास कसरी गर्ने भन्ने हो। यदि विकास प्रक्रिया नै जोखिम बढाउने खालको भयो भने सामान्य प्राकृतिक घटना पनि ठूलो विपदमा परिणत हुन्छ । यही कारण नेपाललाई अब प्रतिक्रियात्मक विकास मोडल होइन, भविष्यन्मुखी, दिगो र जोखिमरहित सचेत विकास मोडेल आवश्यक परेको छ ।

इतिहास फर्केर हेर्दा नेपालमा खडेरी, अनावृष्टि, अतिवृष्टि वा बाढीपहिरो नयाँ घटना होइनन्। विभिन्न कालखण्डमा अनिकाल, खाद्य संकट, बाढी, पहिरो तथा सहज जीवनको खोजीमा बसाइँसराइ भएको उल्लेख भेटिन्छ। ग्रामीण समाजमा कहिले पानी नपरी बाली सुक्ने, कहिले अत्यधिक वर्षाले खेत बगाउने समस्या विगतदेखि नै थिए ।

यसले प्राकृतिक उतारचढाव सदियौँदेखि भइरहेका थिए भन्ने देखाउँछ ।

तर विगत र वर्तमानबीच मुख्य अन्तर जोखिमको स्वरूपमा छ । पहिले नदी किनारमा यति ठूलो बस्ती थिएन, पहाडका डाँडामा अनियन्त्रित सडक थिएनन्, वन विनाश सीमित थियो र सहर विस्तार कम थियो । अहिले भने जनसंख्या वृद्धि, अनियन्त्रित बसोबास र कमजोर संरचनाका कारण सानो प्राकृतिक घटना पनि ठूलो क्षतिमा परिणत हुने अवस्था सिर्जना भएको छ ।

वर्तमानमा जलवायु परिवर्तनको असर नेपालमा स्पष्ट देखिन थालेको छ। हिमाली क्षेत्रमा तापक्रम वृद्धिदर तुलनात्मक रूपमा बढेको छ। हिमनदीहरू क्रमशः साना हुँदै गएका छन्, हिमताल विस्तार भएका छन् र हिमताल फुट्ने जोखिम बढेको छ। यसले जलस्रोत, जलविद्युत्, पर्यटन तथा तल्लो क्षेत्रमा बसोबास गरिरहेका समुदायहरूमा असर पारिरहेको छ ।

पहाडी क्षेत्रमा छोटो समयमा अत्यधिक वर्षा हुँदा पहिरो, भूक्षय, सडक अवरोध, पुल बग्ने तथा खानेपानीका मुहान सुक्ने समस्या बढेका छन् । धेरै ठाउँमा विस्तृत अध्ययनबिना सडक काटिँदा वर्षा हुँदा क्षति झन् बढ्ने गरेको छ । यसले जलवायु परिवर्तन र कमजोर विकास योजना मिलेर संकट बढाइरहेको देखाउँछ ।

तराई क्षेत्रमा बाढी, डुबान, अत्यधिक गर्मी, शीतलहर, भूमिगत जल संकट तथा कृषि उत्पादनमा असर परेको छ । मनसुन समयमै नहुने, कहिले अत्यधिक वर्षा हुने, कहिले लामो सुख्खा पर्ने अवस्थाले किसानलाई ठूलो चुनौती थपेको छ। प्राकृतिक पानी निकास बन्द हुनु, खोला अतिक्रमण र अव्यवस्थित सहरीकरणले समस्या थप जटिल बनाएको छ ।

कृषि क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव प्रत्यक्ष देखिन्छ। रोपाइँ र कटाइको परम्परागत तालिका परिवर्तन हुँदै गएको छ । नयाँ रोगकिरा देखिन थालेका छन् । उत्पादन कहिले घट्ने, कहिले अनिश्चित हुने भएकाले किसानको आम्दानीमा असर परेको छ । नेपालजस्तो कृषिप्रधान देशका लागि यो आर्थिक तथा सामाजिक दुवै दृष्टिले गम्भीर विषय हो ।



तर नेपालका सबै विपदको कारण जलवायु परिवर्तन मात्र होइन। धेरै क्षति अव्यवस्थित विकासले बढाएको छ । नदी किनारमा घर बनाउने, बाढी क्षेत्रमै प्लटिङ गर्ने, पानी निकासबिनै सहर विस्तार गर्ने, पहाड काटेर अध्ययनबिना सडक बनाउने, भिरालो जमिनमा मापदण्डबिना भवन बनाउनेजस्ता गतिविधिले जोखिम बढाएका छन् ।

जब ठूलो वर्षा हुन्छ, नदीले आफ्नो बाटो खोज्छ। जब पहाड कमजोर बनाइन्छ, पहिरो जान्छ ।

यदि पहिले पनि यस्तै वर्षा हुन्थ्यो तर क्षति कम थियो भने अहिले क्षति किन बढी भयो भन्ने प्रश्न उठ्छ । यसको उत्तर विकासको गुणस्तरमा छ। कमजोर संरचना, अनियन्त्रित निर्माण र जोखिमयुक्त बसोबासले प्राकृतिक घटनालाई मानवीय विपदमा रूपान्तरण गरेका छन् ।

नेपालको अर्को कमजोरी हिमाल, पहाड र तराईलाई एउटै विकास दृष्टिकोणले हेर्नु हो । हिमालमा हिमपहिरो, चिसो, दुर्गमता र भूकम्पीय जोखिम प्रमुख छन्। पहाडमा भिरालो जमिनको स्थिरता, पहिरो, भूक्षय र पानी निकास महत्त्वपूर्ण छन्। तराईमा बाढी, डुबान, गर्मी र भूमिगत जल व्यवस्थापन प्राथमिकता हुन्। यति फरक भूगोल भएका क्षेत्रलाई एउटै ढाँचाको सडक, एउटै भवन मोडल वा एउटै कृषि नीतिले सम्बोधन गर्न सकिँदैन ।

यसैगरी जलवायु परिवर्तन र विपद व्यवस्थापनलाई अलग-अलग रूपमा सञ्चालन गर्नु पनि हाम्रो कमजोरी हो । जलवायु परिवर्तन नीति दीर्घकालीन वातावरणीय योजना, उत्सर्जन न्यूनीकरण र अनुकूलनमा केन्द्रित छ भने विपद व्यवस्थापन आपत्कालीन राहत, उद्धार र पुनर्निर्माणमा सीमित छ ।

यी दुई प्रणालीबीच समन्वय कमजोर हुँदा जोखिम विश्लेषण टुक्रिन्छ। डेटा एकीकृत हुँदैन, योजना दोहोरिन्छ तर प्रभाव कम हुन्छ। र, बजेट पनि विभाजित भएर कार्यान्वयन कमजोर हुन्छ ।

परिणाम स्वरूप, जोखिम न्यूनीकरणभन्दा बढी खोज, उद्धार, राहत र पुनर्निर्माणमा खर्च बढिरहेको छ ।

यही चुनौती सम्बोधन गर्न नेपालले सन् २०२१ मा हरित, उत्थानशील तथा समावेशी विकास दृष्टिकोण अवलम्बन गरेको हो। ग्रिडको उद्देश्य प्रतिक्रियात्मक विकास मोडलबाट भविष्यन्मुखी, योजनाबद्ध र दिगो विकास रणनीतितर्फ रूपान्तरण गर्नु हो । यसले विकास, वातावरण संरक्षण र सामाजिक न्यायलाई एकीकृत रूपमा अघि बढाउने लक्ष्य राख्छ ।

नेपालमा परम्परागत रूपमा विकास प्रक्रिया प्रायः पहिले सडक बनाउने, पछि पहिरो रोक्ने; पहिले सहर विस्तार गर्ने, पछि डुबान नियन्त्रण गर्ने; पहिले वन फँडानी गर्ने, पछि संरक्षणको कुरा गर्ने प्रकृतिको रहँदै आएको छ । ग्रिडले यही सोच बदल्न खोज्छ । यसले विकास अघि बढाउँदा सम्भावित जोखिम र वातावरणीय असर पहिल्यै विचार गर्नुपर्ने सन्देश दिन्छ ।

ग्रिडको पहिलो आधार हरित विकास हो। यसको अर्थ नवीकरणीय ऊर्जा, स्वच्छ वातावरण, ऊर्जा दक्ष भवन, वन संरक्षण, जलाधार व्यवस्थापन तथा दिगो कृषिमार्फत वातावरणमैत्री अर्थतन्त्र निर्माण गर्नु हो । देशको आर्थिक वृद्धि गरिनेछ, तर प्राकृतिक स्रोत नष्ट गरेर होइन ।

ग्रिडको दोस्रो आधार उत्थानशीलता हो। यसको अर्थ बाढी, पहिरो, भूकम्प, खडेरी वा आर्थिक संकटजस्ता असरबाट समाज र अर्थतन्त्रलाई चाँडै उठ्न सक्ने बनाउनु हो । सुरक्षित पूर्वाधार, प्रारम्भिक सूचना प्रणाली, जोखिम मूल्यांकन र बीमा प्रणाली यसका महत्त्वपूर्ण पक्ष हुन् ।

ग्रिडको तेस्रो आधार समावेशीता हो । विकासको लाभ सबै समुदायसम्म पुग्नुपर्छ। गरिब, महिला, दलित, जनजाति, दुर्गम क्षेत्रका नागरिक, साना किसान तथा जोखिममा रहेका समुदायलाई विकासको केन्द्रमा राख्नु ग्रिडको मुख्य उद्देश्य हो ।

यदि सही रूपमा कार्यान्वयन भयो भने ग्रिड नेपालका लागि परिवर्तनकारी बन्न सक्छ। यसले सौर्य ऊर्जा, जलवायु अनुकूल कृषि, हरित पर्यटन, फोहोर व्यवस्थापन, वन संरक्षण र स्वच्छ उद्योगमार्फत नयाँ रोजगारी सिर्जना गर्न सक्छ । यसले युवालाई अवसर दिन सक्छ र विदेश पलायन घटाउन सहयोग गर्न सक्छ ।

यसले विपद क्षति पनि घटाउन सक्छ । जोखिम क्षेत्रको नक्सांकन, सुरक्षित पूर्वाधार, भूगोल अनुसार योजना र समयमै सूचना प्रणालीले जनधनको क्षति कम गर्न सक्छ । विकास खर्च विपद पुनर्निर्माणमा मात्र नभई जोखिम न्यूनीकरणमा जान सक्छ ।

नेपालको संविधान २०७२ ले स्वच्छ वातावरणमा बाँच्न पाउने हक, दिगो विकास, प्राकृतिक स्रोत संरक्षण र विपद व्यवस्थापनलाई राज्यको दायित्व मानेको छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका कानुनहरूले ग्रिड कार्यान्वयनका लागि आधार तयार गरेका छन् ।

१६ औं आवधिक योजनाले हरित अर्थतन्त्र, जलवायु अनुकूल पूर्वाधार, कृषि आधुनिकीकरण, सामाजिक समावेशिता र विपद जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राखेको छ । यसले ग्रिड दृष्टिकोणलाई राष्ट्रिय योजना प्रणालीसँग जोडेको छ । तर योजना सफल हुन बजेट, प्राविधिक क्षमता, जबाफदेहिता र प्रभावकारी कार्यान्वयन आवश्यक छ ।

समस्या नीति अभाव होइन, कार्यान्वयन र समन्वयको कमजोरी हो। संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कमजोर छ, प्राविधिक क्षमता सीमित छ, र दीर्घकालीन सोचभन्दा अल्पकालीन राजनीतिक प्राथमिकता हावी हुने प्रवृत्ति अझै कायम छ ।

अब नेपालले टुक्रिएको सोचबाट बाहिर निस्किनुपर्छ। जलवायु परिवर्तन, विकास योजना र विपद व्यवस्थापनलाई एउटै एकीकृत प्रणालीमा ल्याउनु आवश्यक छ । संयुक्त जोखिम नक्सांकन प्रणाली विकास, जलवायु र विपद डाटा एकीकरण, जोखिम मूल्यांकन अनिवार्य बनाउने र विपदअघि नै सुरक्षित समाज बनाउने अवधारणा अपनाउनु अबको आवश्यकता हो ।

निष्कर्षमा, नेपालमा जलवायु परिवर्तनको असर वास्तविक छ, तर सबै विपद केवल प्रकृतिको परिणाम होइनन्। अव्यवस्थित विकास, कमजोर योजना र समन्वय अभाव पनि उत्तिकै जिम्मेवार छन्। त्यसैले अब आवश्यक कुरा दोषारोपण होइन, चेतना अभिवृद्धि, एकीकृत सोच र सुरक्षित विकास अभ्यास हो ।

ग्रिड दृष्टिकोणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके नेपालले जोखिम घटाउने मात्र होइन, हरित, उत्थानशील र समावेशी समाज निर्माण गर्न सक्छ । यही नै आजको नेपालको आवश्यकता एवम् अवसर दुवै हो। यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ ।

(लेखक डा. नारायण मरासिनी भू-प्राविधिक विज्ञ हुन्। उनले जमिन तरलीकरणको जोखिम पहिचान तथा न्यूनीकरणमा विद्यावारिधि गरेका छन् ।)

# खानामा नुनको प्रयोग कसरी गरिन्छ ?



डा. निर्मल काडेल

खानाले भौगोलिक क्षेत्र वा जातीयतामा आधारित नेपालको संस्कृति, परम्परा र अभ्यासको प्रतिनिधित्व गर्दछ । खाना पकाउनु भनेको केवल खाना मात्र होइन; यो एक संस्कृति र परम्परा हो जसले परिवार, समुदाय, समाज र राष्ट्रलाई एकताबद्ध तुल्याउँछ । भूमण्डलीकृत विश्वमा इन्टरनेट कनेक्टिभिटीको साथ, खाना कुनै विशेष भौगोलिक क्षेत्र र संस्कृतिमा मात्र सीमित छैन । यो सीमाभन्दा बाहिर छ र यो विज्ञान पनि हो ।

मैले बाल्यकालमा खाना पकाउन थालेँ, मुख्यतया मेरी आमालाई सघाउनका लागि म भान्सामा पस्ने गर्थें । हाम्रा मनपर्ने अधिकांश व्यञ्जनहरू हाम्रा आमाको व्यञ्जन विधिबाट आउँछन् । समय बित्दै जाँदा मैले खाना पकाउने थुप्रै शैलीहरू सिकेँ र विभिन्न स्थानका संस्कृति र परम्पराहरूबाट फ्युजन खानाको प्रयोग गरेँ । विज्ञानको विद्यार्थी भएकाले पाककलाको अन्वेषण गर्ने क्रममा मैले खानाको विज्ञानले नेपाली खानालाई कसरी प्रभाव पार्छ भनेर अध्ययन गर्ने निर्णय गरेँ । त्यसैले यस अध्यायमा नुन, चिल्लो, अमिलो र तापले नेपाली खानालाई कसरी प्रभाव पार्छ र संस्कृति र प्रचलनसँग यसको सम्बन्धलाई यस आलेखमा पस्किन चाहन्छु ।

यो अध्याय समिन नोसरतद्वारा लिखित 'साल्ट, फ्याट, एसिड एन्ड हिट' पुस्तकमा आधारित छ । यी तत्त्वहरूले नेपाली खाना र खाना संस्कृतिलाई कसरी प्रभाव पार्छ भन्ने कुरा म बताउन चाहन्छु । यस पुस्तकका अन्य अध्यायहरूमा नेपाली व्यञ्जनका प्रकारहरू समेटिएका छन् र म तिनीहरूको विस्तृत विवरण उल्लेख गरिरहेको छैन । यद्यपि, म यी परिकारका केही उदाहरणहरू उद्धृत गर्ने प्रयास गर्नेछुः खस, तिब्बती प्रभावित, थकाली,



नेवारी, लिम्बू, तराई वा थारू खानाहरूमध्य केहीको उल्लेख गर्नेछु ।

लेखमा पाँचवटा खण्ड छन् । प्रत्येकले नुन (साल्ट), अमिलो (एसिड ), चिल्लो (फ्याट) र ताप (हिट) बारे चर्चा गर्नेछ र अन्तिम खण्डले यी तत्त्वहरूले नेपालका दुई सबैभन्दा प्रसिद्ध परिकारलाई कसरी स्वादिष्ट बनाउँछन् भनेर व्याख्या गर्नेछ । अब पालो नुन (साल्ट) को हो ।

नुन (साल्ट) को प्रयोग

नुनका विभिन्न प्रकारहरू हुन्छन् र यस अध्यायमा हिमालयको काखबाट प्राप्त हुने हिमाली नुनको चर्चा गरिएको छ । हिमाली नुन नेपालमा गहिरो सांस्कृतिक महत्त्व बोकेको छ, जसले यसको व्यावहारिक प्रयोग र आर्थिक मूल्यभन्दा पर नेपाली संस्कृति, परम्परा र संस्कारका विभिन्न पक्षहरूमा आफ्नो स्थान बनाएको छ । यो केवल एक वस्तु मात्र होइन, बरु सम्पदाको प्रतीक र नेपालको सांस्कृतिक संरचनाको अभिन्न अंग हो ।

नुनलाई शुद्धता, मोक्ष र समृद्धिसँग जोडेर हेरिन्छ । यसले विगत र वर्तमानबीच पुलको काम गर्दै नेपाली समुदायलाई आफ्ना पुर्खा र तिनलाई धान्ने प्राकृतिक स्रोतहरूसँग जोडेर राख्छ । जन्मदेखि विवाह र अन्त्येष्टि संस्कारसम्मका शुभ कार्य, धार्मिक विधि र परम्परागत समारोहहरूमा नुनको विशेष महत्त्व हुन्छ ।

नुनसम्बन्धी पर्वहरूले पनि नेपाली समाजमा महत्त्वपूर्ण स्थान राख्छन्, जसले हिमाली नुनको सांस्कृतिक मूल्यलाई उजागर गर्छन् । यसको एक उदाहरण 'नुन महोत्सव' हो, जुन आदिवासी मगर समुदायले मनाउँछन् । यस अवसरमा गाउँलेहरू भेला भई नुनप्रति कृतज्ञता व्यक्त गर्छन् र यससँग सम्बन्धित देवताको पूजा-अर्चना गर्छन् ।



हिमाली नुनलाई यसको स्वास्थ्य लाभ, बहुपयोगिता र विशेष स्वादका कारण पाककलाको संसारमा अत्यन्त प्रशंसा गरिन्छ । विश्वभरका सेफहरू र खानाका पारखीहरूले यस अद्वितीय नुनलाई विभिन्न परिकारहरूमा समावेश गरेका छन् । यसको सबैभन्दा महत्त्वपूर्ण विशेषता भनेको यसको बहुउपयोगिता हो । यसलाई स्वाद मिलाउन, मेरिनेट गर्न, ग्रील गर्न, बेक गर्न तथा अन्तिम सजावट (फिनिसिङ टच) का रूपमा पनि प्रयोग गर्न सकिन्छ । यसको कोमल तर विशिष्ट स्वादले विभिन्न सामग्रीहरूको स्वादलाई अझ उचाल्दै सम्पूर्ण पाक अनुभवलाई समृद्ध बनाउँछ ।

अन्य नुनहरूको तुलनामा हिमाली नुनको स्वाद विशेष हुन्छ । यो हल्का, कम तीखो र सूक्ष्म रूपमा सन्तुलित हुन्छ । यसको खनिजयुक्त संरचनाले परिकारको प्राकृतिक स्वादलाई दबाउने होइन, बरु त्यसलाई अझ उजागर गर्ने काम गर्छ । यसलाई बेक गरिएका तरकारीहरूमा छर्किन, सेकुवा वा छोइलाजस्ता ग्रिल गरिएको मासुमा प्रयोग गर्न वा काँक्रो तथा मुलाको सलादमा मिसाउन सकिन्छ ।

चाहे तपाईं पेसेवर सेफ हुनुहोस् वा घरमै पकाउन रुचाउने व्यक्ति, हिमाली नुनलाई आफ्नो पकाउने अभ्यासमा समावेश गर्दा स्वादका नयाँ आयामहरू थपिन्छन् । त्यसैले किन नेपालको हिमाली नुनसँग एक पाक यात्रामा ननिस्कने र यसको रमाइलो स्वाद अनुभव नगर्ने ? हिमाली नुनलाई लामो समयदेखि उत्कृष्ट प्राकृतिक संरक्षक (उचभकभचखबतष्खभ) को रूपमा पनि मानिन्छ र यसलाई नुनहरूमध्ये उत्कृष्ट नुन भनेरसमेत चिनिन्छ । नुन खाना मात्र होइन, जीवनकै अत्यावश्यक मसलासमेत हो ।

यो एक विशेष प्रकारको नुन हो, जसमा उच्च मात्रामा खनिजहरू पाइने भएकाले विभिन्न स्वास्थ्यलाभहरू छन् । अहिले यसलाई खाना संरक्षणका लागि पनि प्रयोग गरिन्छ । हिमाली नुन प्राकृतिक रूपमा जीवाणुप्रतिरोधी हुन्छ र यसले खाना बिग्रिन नदिई लामो समयसम्म टिकाइराख्न मद्दत गर्छ । यसमा पोटासियम र म्याग्नेसियमको मात्रा राम्रो हुने भएकाले साधारण टेबल नुनको विकल्पका रूपमा लिन सकिन्छ । तर, यसमा सोडियमको मात्रा पनि धेरै हुने भएकाले उच्च रक्तचाप भएका व्यक्तिहरूका लागि सावधानी आवश्यक हुन्छ । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको हो ।

# मन्त्रिपरिषद् बैठकका निर्णय



**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले नगरपालिका राजस्व अभिवृद्धि परियोजनाको लागि स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने ६.११६ मिलियन स्वीस फ्यांक अनुदान स्वीकार गर्ने निर्णय गरेको छ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले अरनिको राजमार्गको मर्मत सुधार गर्न चीन सरकारले प्रदान गर्ने ७९.३६ मिलियन आरएमबी अनुदान स्वीकार गर्ने निर्णय गरेको छ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले काठमाडौं उपत्यकाका नदी किनारमा रहेका जोखिमयुक्त बस्ती हटाउँदा विस्थापित हुने व्यक्तिहरूको विवरण रूजु गरी प्रतिपरिवार पुनर्स्थापना खर्च बापत २५००० एकमुष्ठ प्रदान गर्ने निर्णय गरेको छ।

त्यस्तै, जोखिमयुक्त बस्तीबाट हटाइएकाहरूलाई वैकल्पिक बसोबासको व्यवस्था आफैं गर्न प्रोत्साहित गर्न पाँच सदस्य भएको प्रतिपरिवारलाई राहत स्वरूप १५००० प्रतिमहिनाको र सोभन्दा बढी सदस्यका लागि प्रति सदस्य थप २००० दिने निर्णय गरेको छ। हाललाई उनीहरूले तीन महिनाका लागि बसोबास व्यवस्थापन खर्च पाउनेछन् ।

वृद्ध, अशक्त, असहाय तथा आफ्नो व्यवस्थापन गर्न नसक्ने व्यक्ति तथा परिवारलाई तोकिएको होल्डिङ सेन्टरहरूमा राख्ने निर्णय सरकारले गरेको छ।

बालबालिका तथा विद्यार्थीको पठनपाठन तथा विद्यालयको सुनिश्चितता र स्वास्थ्य सेवा सुविधाहरूको सुनिश्चितता स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा गर्ने निर्णय भएको सञ्चारमन्त्री सस्मित पोखरेलले बताए।

मन्त्रिपरिषद् बैठकले प्रत्यायान नियमावली, २०८३, सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ।

त्यस्तै, नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने र नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ अनुसार हुने गरी राजपत्रांकित विशिष्ट श्रेणीका सचिवको दरबन्दी मिलान गर्ने र पदस्थापन गर्ने निर्णय गरेको छ।

# वहिष्करणमा परेको क्षेत्रलाई बजेट विनियोजनमा विशेष प्राथमिकता दिइन्छ : अर्थमन्त्री

काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सुदूरपश्चिम, कर्णालीलगायतबहिस्करणमापरेका क्षेत्रलाई बजेट विनियोजनलाई विशेष प्राथमिकतामा राखिने बताउनुभएको छ।

आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफलमा सांसदहरूले उठाउनुभएको प्रश्नको जवाफमा अर्थमन्त्रीले कमजोर वर्गलाई माथि उठाएर नै मध्यम वर्गको विस्तार गरिने उल्लेख गर्नुभयो।

विकासको मार्गचित्र स्पष्ट भए मात्रै सहज रूपमा कार्यान्वयन हुने मान्यतामा आफू रहेको स्पष्ट पार्दै अर्थमन्त्रीले पहिलो पटक ' मिसन मोड'लाई अभ्यासमा राखिएको बताउनुभयो।

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले सरकारको दृष्टिकोण मात्रै प्रतिबिम्बित गर्दैन कार्यान्वयमा पनि इमान्दार प्रयत्न गर्नुपर्छ भन्नेमा पनि आफू स्पष्ट रहेको उहाँले उल्लेख गर्नुभयो।

सभामुख डोलप्रसाद अर्यालले विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका सम्बन्धमा सांसदहरूले राख्नुभएको सुझाव र धारणा समेटेर सङ्घीय संसद् सचिवालयले आवश्यक प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थमन्त्रालयमा पेस गरिने जानकारी गराउनुभयो।

त्यसअघि छलफलमा भाग लिँदै सांसद अर्जुनकुमार कार्की गरिब र गरिबी भन्ने कुनै पनि शब्द विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्तमा कहीँ कतै पनि समावेश नभएकामा गुनासो गर्नुभयो। सांसद इन्दिरा राना मगरले गरिबीको रेखामुनि रहेका स्वास्थ्योपचार नपाएका नागरिकलाई सम्बोधन गर्नैपर्ने र स्वास्थ्य शिक्षाका विषयलाई थप प्राथमिकतामा राख्न आग्रह गर्दै विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तको समर्थन गर्नुभयो।



> "सीमित स्रोत र चुनौतीपूर्ण आर्थिक परिस्थितिका बीच पनि उत्पादन, रोजगारी, सुशासन र जनविश्वासलाई केन्द्रमा राखेर यति दूरदर्शी सिद्धान्त र प्राथमिकता ल्याउनु वास्तवमै प्रशंसनीय कार्य हो ।"

सांसद योगेश गौचन थकालीले दैनिक ठूलो स~्यामा नेपाली नागरिक विदेशिएको तथ्याङ्क पेस गर्दै आर्थिक रूपमा सक्रिय युवा जनसंख्या पलायन हुँदा पर्ने प्रभावलाई न्यून गर्ने खालको बजेट विनियोजन हुनुपर्ने विचार राख्नुभयो।

सांसद क्षितिथ थेवेले तमोर जलाशयशयुक्त आयोजनालाई प्राथमिकतामा राख्न, अलैंचीको समर्थन मूल्य तोक्न, जडीबुटी उत्पादन, प्रशोधन गर्ने प्रणालीको विकास गर्न, किसानको उत्पादनलाई घरघरमा नै मूल्य दिने व्यवस्था गर्न माग गर्नुभयो।

सांसद सागर भुषालल विनियोजन विधेयक केवल खर्चको दस्तावेज नभएर देशको सम्भावना, आत्मनिर्भरता र समृद्धिको स्पष्ट मार्गचित्र भएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, "सीमित स्रोत र चुनौतीपूर्ण आर्थिक परिस्थितिका बीच पनि उत्पादन, रोजगारी, सुशासन र जनविश्वासलाई केन्द्रमा राखेर यति दूरदर्शी सिद्धान्त र प्राथमिकता ल्याउनु वास्तवमै प्रशंसनीय कार्य हो।"

सांसद विक्रम थापाले विनियोजन विधेयकमा कृषि र बहुआयामिक विषय, सुशासन र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता समेटिनु सकारात्मक भएको टिप्पणी गर्नुभयो।

सांसद समीक्षा बाँस्कोटा, जगदीश खरेल (ललितपुर), प्रशान्त उप्रेती र नरेन्द्रकुमार गुप्ताले अनुष्का श्रेष्ठ, रुक्मिणी देवी कोइराला, अच्युत्तम लामिछाने, भरतबहादुर खड्का, राम लामा, राजन गौतम, श्रद्धा कुँवर श्रेत्री, रुकेश रञ्जितलगायतले छलफलमा भाग लिनुभयो । प्रतिनिधिसभाको अर्को बैठक यही जेठ ६ गते बिहान ११ बजे बस्नेछ। रासस

## प्रतिनिधिसभामा बैठक स्थगित

काठमाण्डु। प्रतिनिधिसभाको आजको बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेको उपस्थितिको माग गर्दै सांसदहरूले सभामुखको ध्यानाकर्षण गरेपछि बैठक १५ मिनेटका लागि स्थगित गरिएको छ।

नेकपा (एमाले)का सांसद राजेन्द्रकुमार राईले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका बारेमा छलफल हुँदा अर्थमन्त्रीको उपस्थिति अनिवार्य रहेको बताउनुभयो। उहाँले अर्थमन्त्री उपस्थित हुनैपर्ने अडान राखेपछि सभामुख डोलप्रसाद अर्यालले त्यसबारे अर्थमन्त्रीलाई खबर पठाइसकेको जानकारी दिनुभयो। उहाँले अर्थमन्त्री नआइपुगुन्जेलसम्म आफ्नो धारणा राख्न सांसद राईलाई आग्रह गर्नुभयो।

सांसद राईले आफ्नो मन्तव्य राख्न अस्वीकार गर्नुभएपछि सभामुख अर्यालले बैठक १५ मिनेटका लागि स्थगित गर्नुभयो। आजको बैठकमा आर्थिक वर्ष २०८३/८४ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफल जारी रहेको छ।

यसअघि छलफलमाा भाग लिँदै सांसद अमरेशकुमार सिंहले अर्थमन्त्रीको अनुपस्थितिमा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा छलफल हुनु राम्रो नभएको गुनासो गर्नुभयो। उहाँले चुरेको संरक्षण नहुँदा पानीको तह कम हुँदै गएकाले तराई मधेसमा समस्या बढेको उल्लेख गर्नुभयो।

सांसद रेखाकुमारी यादवले पनि अर्थमन्त्रीको उपस्थिति नभएको भन्दै सभामुखको ध्यानाकर्षण गराउनुभयो। उहाँले उच्च प्रतिफल दिने आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने, वैदेशिक सहयोग र ऋणका सम्बन्धमा प्रष्ट हुनुपर्ने, कुन क्षेत्रमा सहायता लिने भन्नेबारेमा प्रष्ट हुनुपर्ने धारणा राख्नुभयो। रासस

# सीमामा आतंक नरोकिएकोमा कांग्रेस सांसदको आपत्ति

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सांसद नरेन्द्रकुमार केरुङले सीमा क्षेत्रमा भन्सार करबारे सर्वोच्च अदालतको आदेश अझै कार्यान्वयन नआएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन्। प्रतिनिधिसभाको बैठकमा बोल्दै सरकारले सीमा क्षेत्रका नागरिकमाथि आतंकित पार्ने काम नगरेका बताए।



उनले भने, 'सीमा क्षेत्रमा बसोबास गर्ने आम नागरिकहरूको भान्सामा चाहिने अत्यावश्यक वस्तु, औषधि लगायतका विषय आयात गर्दा नागरिकलाई आतंकित गर्ने सरकारको निर्णयलाई अदालतले रोकेको छ । तर अदालतको आदेश अहिलेसम्म कार्यान्वयन नहुँदा समस्या ज्यूँ का त्यूँ छ।'

सर्वसाधारण जनताको पेटमा लात्ती हान्नको साटोमा ठूला-ठूला तस्कर हरूलाई समाउन उनले सरकारको ध्यानाकर्षण गराए।

उनले निवर्तमान गृहमन्त्री सुधन गुरुङलाई चोख्यानकै लागि आयोग गठन गरिएको हुनसक्ने बताए।

उनले भने, 'निवर्तमान गृहमन्त्रीको प्रकरणमा छानबिन समिति गठन भएको छ। केही दिनमा म सफाइ पाउँछु भन्ने उहाँको अभिव्यक्तिले तीनवटा विषयका विज्ञ सम्मिलित आयोगमाथि प्रश्न उठेको छ। आयोग सत्ता र शक्तिको त्रासमा निष्पक्ष छानबिन गर्ने दायराबाट नउम्कोस्।'

## प्रस्तावित प्रधानन्यायाधीश शर्माको नाम अनुमोदन

काठमाण्डु। संसदीय सुनुवाइ समितिले प्रस्तावित प्रधानन्यायाधीश डा मनोजकुमार शर्माको नाम सर्वसम्मतिले अनुमोदन गरेको छ।

सिंहदरबारमा मंगलबार बसेको समितिको बैठकले प्रस्तावित प्रधानन्यायाधीश शर्मालाई सर्वसम्मतिले अनुमोदन गरेको समितिका सभापति बोधनारायण श्रेष्ठले जानकारी दिनुभयो।

सुनुवाइ समितिमा प्रस्तावित प्रधानन्यायाधीश शर्माले आफ्नो कार्ययोजना प्रस्तुत गर्नुभएको थियो भने त्यसमाथि छलफल भएको थियो। समितिले आज बिहान प्रस्तावित प्रधानन्यायाधीश शर्माको कार्ययोजना र उजुरी अध्ययन गर्न बैठक बोलाएको थियो। शर्माविरुद्ध समितिमा १६ उजुरी परेको थियो।



संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ। रासस

# मुक्त घोषित कृषि बँधुवा मजदुरलगायतका पुन:स्थापना निष्कर्षमा पुऱ्याउन आग्रह



काठमाण्डु। विगतमा कृषि बँधुवा मजदुरका रूपमा रहेका मुक्तकमैया, हलिया, कम्लरी र हरवाचरवाको न्यायोचित पुनःस्थापना तत्काल निष्कर्षमा पुर्याउन सरकारसँग आग्रह गरिएको छ।

राष्ट्रिय कृषि बँधुवा मजदुर संयुक्त सङ्घर्ष समितिले मंगलबार यहाँ आयोजना गरेको नीतिगत संवादमा सहभागी सरोकारवालाले मुक्तिको घोषणा गरेर पनि वर्षौंदेखि थाती रहेका समस्या समाधानका लागि गम्भीर नबनेको आरोप लगाए।

कार्यक्रमका वक्ताहरूले सरकारले २०५७ सालमा कमैया, २०६५ मा हलिया, २०७० मा कम्लरी तथा २०७९ साल साउनमा हरवाचरवालाई मुक्तिको घोषणा गरे पनि अझै प्रभावकारी पुनःस्थापना हुन नसकेको उल्लेख गरे। विशेषगरी हरवाचरवा समुदायको सन्दर्भमा मुक्त घोषणा गरिएको करिब चार वर्ष बितिसक्दा पनि व्यवस्थित तथ्याङ्क सङ्कलन, प्रमाणीकरण तथा पुनःस्थापनाका कार्यक्रम प्रभावकारी रूपमा अघि बढ्न नसकेको उनीहरूको भनाइ छ।

प्रतिनिधिसभा सदस्य सुरेन्द्र चौधरीले मुक्तहलिया, कमैया, कम्लरी र हरवाचरवाको न्यायोचित पुनःस्थापनाका लागि सरकारले स्पष्ट 'कटअफ डेट' निर्धारण गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले राज्यको संरचनात्मक रूपान्तरणका लागि नीति निर्माताहरू संवेदनशील बन्न आवश्यक रहेको बताउनुभयो।

प्रतिनिधिसभा सदस्य ठाकुरसिंह थारूले कृषि बँधुवा मजदुरको सवाल मानवअधिकारसँग पनि जोडिएकाले राज्यले यसको सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्नेमा जोड दिनुभयो। प्रतिनिधिसभा सदस्य गणेशबहादुर विश्वकर्माले २०७८ सालमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित 'मुक्तकमैया, हलिया, कम्लरी तथा हरवाचरवा वस्तुस्थिति अध्ययन समिति'का सिफारिस कार्यान्वयन गरे वर्षौंदेखिको समस्या समाधान हुने धारणा राख्नुभयो।

कार्यक्रममा प्रतिनिधिसभा सदस्यहरू जगतप्रसाद जोशी, श्रीधर पोखरेल, हरिमोहन भण्डारीलगायतले सरकारले मुक्त घोषणा गरेका व्यक्ति तथा समुदायका समस्या समाधान गर्न वर्तमान सरकारले ठोस योजना अगाडि सार्नुपर्ने भन्दै त्यसमा आफूहरूले पनि सहजीकरण गर्ने प्रतिबद्धता जनाए।

द फ्रिडम फन्डका बालाराम भट्टराईले अवधारणापत्र प्रस्तुत गर्दै मुक्त गरिएका कृषि मजदुरलगायत समुदायको पुनःस्थापनाका लागि पर्याप्त बजेट, स्पष्ट कार्यविधि र तीन तहका सरकारबीच प्रभावकारी समन्वयको आवश्यकता औँल्याउनुभयो।

राष्ट्रिय मुक्तहलिया समाज महासङ्घका पूर्वअध्यक्ष राजुराम भुल, मुक्तकमैया समाजका महासचिव हरिचन्द्र चौधरी, मुक्तकम्लरी विकास मञ्चका अध्यक्ष सुमिता चौधरी र मुक्त हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सदस्य श्यामसुन्दर सदाले समुदायले भोगिरहेका समस्या र पुनःस्थापनाको आवश्यकताबारे धारणा राख्नुभएको थियो।

राष्ट्रिय कृषि बँधुवा मजदुर संयुक्त सङ्घर्ष समितिका अध्यक्ष दशनलाल मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कमैया महिला जागरण समाजकी अध्यक्ष कृष्णी थारू, मुक्त कमैया समाजका कार्यक्रम संयोजक चन्द्रप्रसाद चौधरी, राष्ट्रिय दलित नेटवर्क, नेपालका उपाध्यक्ष श्याम सुनारलगायतले विविध सवालबारे ध्यानाकर्षण गराएका थिए।

सङ्घर्ष समितिका अनुसार हालसम्म एक हजार १०४ मुक्त हलिया परिवारले पुनःस्थापना कार्यक्रमको अन्तिम किस्ता रकम पाउन सकेका छैनन् भने एक हजार १३५ परिवार अझै पुनःस्थापनाको पर्खाइमा छन् । तत्कालीन समयमा ३२ हजार ५०९ मुक्तकमैया, १४ हजार २४२ मुक्तहलिया परिवारले परिचयपत्र प्राप्त गरेका थिए। यस्तै, देशभर १२ हजार ९७० मुक्तकम्लरी पहिचान भए पनि अझै हजारौं व्यक्ति पहिचान, प्रमाणीकरण र पुनःस्थापनाबाट वञ्चित छन्। रासस

# उपकुलपतिको कामकाजको जिम्मेवारी दिइएका प्राध्यापकहरूसँग शिक्षा मन्त्रीले गरे छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । शिक्षा मन्त्रीसमेत रहेका विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले विभिन्न विश्वविद्यालयहरूमासंक्रमणकालकालागि उपकुलपतिको कामकाज गर्ने गरी जिम्मेवारी दिइएका प्राध्यापकहरूसँग छलफल गरेका छन्।



विश्वविद्यालयको कामकाज र योजनाबारे आज उनले छलफल गरेका हुन्।

शिक्षा तथा खेलकुद मन्त्री पोखरेलको उपस्थितिमा भएको संवाद कार्यक्रममा नयाँ व्यवस्था नहुन्जेल विश्वविद्यालयका कामकाज प्रभावित हुन नदिन तथा अध्ययन-अध्यापन कार्यलाई निरन्तरता दिन आवश्यक कदमबारे सम्बन्धित पदाधिकारीहरूबाट योजना प्रस्तुत भएको छ शिक्षा मन्त्रीको सचिवालयले जनाएको छ । सो अवसरमा मन्त्री पोखरेलले विश्वविद्यालयका परीक्षा, दैनिक प्रशासनिक कामहरूलाई निरन्तरता दिन तथा दीर्घकालीन असर पर्ने निर्णयहरू नगर्न निर्देशन दिएको सचिवालयको भनाइ छ।

त्रिविसहित विभिन्न विश्वविद्यालयहरूमा उपकुलपति नियुक्तिको प्रक्रिया जारी रहेको छ। उपकुलपति नियुक्तिका लागि आठ वटा विश्वविद्यालयमा सिफारिस समिति गठन भई आवेदन दिने समय समाप्त भएको तथा छनोट प्रक्रिया अघि बढिसकेको छ। अन्य विश्वविद्यालयहरूमा पनि छिट्टै प्रक्रिया अघि बढाइने जनाइएको छ।

सरकारले आठ विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि नयाँ कार्यविधि स्वीकृत गरी सोही बमोजिम उपकुलपति छनोट प्रक्रिया सुरु गरिसकेको छ । नियुक्ति प्रक्रियामा पारदर्शीता, योग्यता प्रणाली र प्रक्रियागत निष्पक्षता बलियो बनाउन विज्ञ समितिमार्फत छनोट गर्ने व्यवस्थासहित "विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३" ल्याइएको थियो।

सोही अनुरूप अहिले उपकुलपति छनोट प्रक्रिया अघि बढेको मन्त्रालयले उल्लेख गरेको छ। रासस


## जलेश्वर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल

**धानको बिउ माग सम्बन्धी निवेदन पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०२/०५**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत खद्यान बालीको उन्नत बिउ उपयोगमा अनुदान (धान, गेहुँ) कार्यक्रम अर्न्तगत तपसिल बमोजिमका धानको विउ ५०% अनुदानमा वितरण कार्यक्रमको लागि कृषक, कृषक समुह, कृषि सहकारी संघ संस्थाहरुले तपसिल बमोजिमको प्रक्रिया पुर्याई सूचना प्रकाशन भएको मितिले ७ सात दिन भित्र वा सो दिन सार्वजानिक बिदा पर्न गएमा सो को भोलिपल्ट यस नगरपालिका कार्यालयमा रित पूर्वक आवेदन पेश गर्नु हुन यस नगरपालिका अर्न्तगतका बडा नं. १ देखि १२ सम्मका कृषक, कृषक समुह, कृषि सहकारी संघ संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल धानको विउको जातहरु:**

१) रामधान २) हरदिनाथ-६ (कतरनी) ३) स्वर्ना सबवन (सोना मंसुरी)

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. कृषक, कृषक समुह, कृषि सहकारी संघ संस्थाहरुले संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि
२. सम्बन्धित बडाको सिफारीस पत्र
३. नागरिकता प्रमाण-पत्रको प्रतिलिपि
४. जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि

**सम्पर्क व्यक्ति**: अधिकृत छैठौं प्रमोद कुमार मण्डल (सम्पर्क नं. ९८१९८५८६०२)
कार्यक्रम संयोजक सिया प्रसाद भगत (९८४४०५७३०६)


# सदनमा सांसदको कहर : 'काठमाडौंमा रेल र सुरुङमार्गको चर्चा चलिरहँदा कर्णालीमा डोकामा बिरामी बोकेर घण्टौं हिँड्नुपर्ने अवस्था छ'

काठमाण्डु । सांसद टीका सङ्गौलाले कर्णाली र सुदूरपश्चिम क्षेत्रको विकासको निम्ति राज्यले लगानी बढाउनुपर्ने माग गर्नुभएका छ। प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा उहाँले भन्नुभयो, " काठमाडौंमा रेल र सुरुङमार्गको चर्चा चलिरहँदा कर्णालीमा डोकामा बिरामी बोकेर घण्टौं हिँड्नुपर्ने अवस्था छ, सहरमा अवसरको बहस भइरहँदा मधेसका युवा तातो घाममा बेरोजगार हिँडिरहेका छन्, राजधानीमा डिजिटल प्रविधिको कुरा चलिरहँदा नेटवर्क समस्याका कारण फोनमा कुरा गर्न पनि रुखमा चढ्नुपर्ने अवस्था छ, सुदूरपश्चिका पहाड विकासको तीव्र प्रतीक्षामा छन्।"


सांसद प्रा डा चन्द्रमोहन यादवले भन्नुभयो, "धनुषा निर्वाचन क्षेत्र नं ४ स्थित मिथिला नगरपालिकाको वडा नं ७ मा डेडिकेटेट ट्रमा सेन्टरका लागि करिब चार बिघा जग्गा प्राप्ति भइसकेको छ, तर अहिलेसम कहाँ फाइल अड्किएको हो भन्ने थाहा पाउन सकिएको छैन, हाम्रो जस्तो देश, जहाँ शिक्षा र स्वास्थ्यमा बढी लगानी हुनुपर्छ, त्यसैले डेडिकेटेट ट्रमा सेन्टर निर्माणको काम अगाडि बढाउन माग गर्दछु।"

सांसद जगतप्रसाद जोशीले सडक निर्माण, पुनर्निर्माण, स्वास्थ्यचौकी, खानेपानी ट्ङ्याकी निर्माणलगायत विकास निर्माणमा सरकारको ध्यानाकर्षणगराउनुभयो।उहाँलेभन्नुभयो,"निर्वाचनमा वाचा गरेका छौं, सडक ठिक समयमा बन्नेछन्, भ्रष्टाचार बन्द हुनेछ, औसत आयमा वृद्धि हुनेछ, शिक्षाको सूचकाङ्क वृद्धि हुनेछ, यी सबै उपलब्धि पूरा हुन सबै काम समयमा पूरा हुन जरुरी छ, त्यसका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच मिलेमतो हुन जरुरी छ।"

सांसद जगदीश खरेलले ललितपुर जिल्लाका विभिन्न स्थानबाट मूर्तिकलाहरू चोरी भएको जनाउँदै कला र संस्कृतिको संरक्षणमा ध्यान दिन सरकारसँग आग्रह गर्नुभयो।रासस

# सौर्य आँधी बुझ्न अन्तरिक्ष अभियान

रासस/एएफपी । पृथ्वीमाथि पर्ने सौर्य आँधीको प्रभावबारे गहिरो अध्ययन गर्न युरोपेली सङ्घ (इयु) र चीनले संयुक्त रूपमा विकास गरेको 'स्माइल' अन्तरिक्ष यान मङ्गलबार सफलतापूर्वक अन्तरिक्षतर्फ प्रक्षेपण गरिएको छ । सूर्यबाट निस्कने तीव्र हावा र प्लाज्माको विशाल विस्फोट पृथ्वीको चुम्बकीय क्षेत्रमा ठोक्किँदा के हुन्छ भन्ने बुझ्न यो महत्त्वाकांक्षी वैज्ञानिक अभियान सुरु गरिएको हो ।



विशेषज्ञहरूका अनुसार शक्तिशाली सौर्य आँधीले पृथ्वी वरिपरिका उपग्रह प्रणाली, सञ्चार सञ्जाल, अन्तरिक्ष स्टेशन तथा अन्तरिक्ष यात्रीहरूलाई गम्भीर असर पुऱ्याउन सक्छ । यस्तै घटनाकै कारण उत्तरी र दक्षिणी ध्रुवीय क्षेत्रमा आकाशमा देखिने चम्किला अरोरा अर्थात् 'नर्दन लाइट्स' र 'सदर्न लाइट्स' सिर्जना हुने गर्छन् ।

यही रहस्यमय अन्तरिक्षीय मौसमबारे थप जानकारी सङ्कलन गर्न 'स्माइल' नामक अन्तरिक्ष यानलाई पृथ्वीको चुम्बकीय क्षेत्रको पहिलो एक्स-रे अवलोकन गर्ने जिम्मेवारी दिइएको छ ।

'स्माइल' अर्थात् 'सोलार विन्ड म्याग्नेटोस्फेयर आयनोस्फेयर लिङ्क एक्सप्लोरर' नाम दिइएको यो मिसन युरोपेली अन्तरिक्ष एजेन्सी (इएसए) र चिनियाँ विज्ञान प्रतिष्ठानबीचको संयुक्त परियोजना हो ।

अन्तरिक्ष यानलाई मङ्गलबार ग्रिनविच समयअनुसार बिहान ०३ः५२ बजे दक्षिण अमेरिकाको उत्तरपूर्वी तटमा रहेको फ्रान्सेली गुयानाको कौरूस्थित युरोपको स्पेसपोर्टबाट भेगा-सी रकेटमार्फत प्रक्षेपण गरिएको थियो ।

उडानको करिब ५५ मिनेटपछि अन्तरिक्ष यान रकेटबाट सफलतापूर्वक अलग भएको थियो । त्यसपछि यो पृथ्वी वरिपरि अत्यन्त अण्डाकार कक्षामा प्रवेश गर्दै आफ्नो निर्धारित यात्रातर्फ अघि बढेको जनाइएको छ ।

मिसनका अनुसार 'स्माइल' दक्षिणी ध्रुवमाथि पुग्दा पृथ्वीको सतहबाट करिब पाँच हजार किलोमिटर उचाइमा रहनेछ । त्यस क्रममा यसले अन्टार्कटिकास्थित बर्नार्डो ओ'हिगिन्स अनुसन्धान केन्द्रमा डाटा पठाउनेछ ।

त्यसैगरी उत्तरी ध्रुवतर्फ पुग्दा यो पृथ्वीबाट करिब एक लाख २१ हजार किलोमिटर माथि रहनेछ । इएसएका अनुसार यस किसिमको कक्षाले पहिलोपटक लगातार ४५ घण्टासम्म उत्तरी ध्रुवीय अरोराको अवलोकन सम्भव बनाउनेछ ।

सौर्य हावा सूर्यबाट निरन्तर बाहिरिने ऊर्जा र सूक्ष्म कणहरूको तीव्र प्रवाह हो । कहिलेकाहीँ सूर्यमा हुने शक्तिशाली विस्फोट, जसलाई 'कोरोनल मास इजेक्सन' भनिन्छ, ले यही हावालाई विशाल सौर्य आँधीमा रूपान्तरण गर्छ ।

यी विस्फोटहरू प्रतिघण्टा करिब २० लाख किलोमिटरको गतिमा अन्तरिक्षमा फैलिन्छन् र पृथ्वीसम्म आइपुग्न एकदेखि दुई दिन लाग्न सक्छ ।

यस्ता सौर्य आँधी पृथ्वीमा आइपुग्दा पृथ्वीको चुम्बकीय क्षेत्रले ढालझैँ काम गर्दै सूर्यबाट आएका अधिकांश कणलाई रोकिदिन्छ । तर अत्यधिक शक्तिशाली आँधीका बेला केही कण पृथ्वीको वायुमण्डलभित्र प्रवेश गर्न सक्छन् ।

वैज्ञानिकहरूका अनुसार त्यस्ता घटनाले विद्युत् प्रसारण प्रणाली, सञ्चार नेटवर्क तथा उपग्रह सेवामा गम्भीर अवरोध ल्याउन सक्छ । अहिले पृथ्वी वरिपरि घुमिरहेका सयौँ उपग्रह र अन्तरिक्ष स्टेशनमा रहेका अन्तरिक्ष यात्रीहरू पनि सौर्य आँधीको जोखिममा पर्ने गरेका छन् ।

इतिहासकै सबैभन्दा शक्तिशाली भू-चुम्बकीय आँधी सन् १८५९ मा रेकर्ड गरिएको थियो । त्यस बेला अरोरा दक्षिणमा पानामासम्म देखिएको थियो भने विश्वभरका टेलिग्राफ अपरेटरहरूले विद्युतीय झट्का महसुस गरेका थिए ।

यिनै सम्भावित जोखिमका कारण वैज्ञानिक समुदाय अन्तरिक्षीय मौसमको अझ गहिरो अध्ययन गर्न चाहन्छ, जसबाट भविष्यमा आउने ठूला सौर्य विस्फोटको पूर्वानुमान गर्न र पृथ्वीलाई सम्भावित क्षतिबाट जोगाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

यस अभियानअन्तर्गत 'स्माइल' ले सूर्यबाट आएका ऊर्जा बोकेका सूक्ष्म कण र पृथ्वीको माथिल्लो वायुमण्डलमा रहेका तटस्थ कणबीचको अन्तर्क्रियाबाट निस्कने एक्स-रे सङ्केत पत्ता लगाउनेछ । वैज्ञानिकहरूले ती डाटामार्फत पृथ्वीको चुम्बकीय क्षेत्रले सौर्य आँधीसँग कसरी प्रतिक्रिया जनाउँछ भन्ने अध्ययन गर्नेछन् ।

अन्तरिक्ष यानले कक्षामा स्थापित भएको करिब एक घण्टापछि नै डाटा सङ्कलन सुरु गर्ने अपेक्षा गरिएको छ । प्रारम्भिक रूपमा यो मिसन तीन वर्षका लागि तय गरिएको भए पनि सबै प्रणाली सफलतापूर्वक सञ्चालन भए अवधि थप लम्ब्याउन सकिने जनाइएको छ ।

यसअघि यो प्रक्षेपण अप्रिल ९ मा गर्ने तयारी गरिएको थियो । तर प्राविधिक समस्याका कारण अन्तिम समयमा उडान स्थगित गरिएको थियो ।

# नेयमार ब्राजिलको विश्वकप टोलीमा

**टुडे समाचारदाता**

एजेन्सी । ब्राजिलका फरवार्ड नेयमारलाई मुख्य प्रशिक्षक कार्लो एन्सेलोटीले विश्वकपका लागि २६ सदस्यीय टोलीमा समावेश गरेका छन् ।



३४ वर्षका नेयमार हाल ब्राजिलियन क्लब सान्तोसबाट खेल्छन्। उनी १ सय २८ खेलमा ७९ गोल गर्दै ब्राजिलका सर्वाधिक गोलकर्ता हुन् । तर चोटका कारण उनले सन् २०२३ यता ब्राजिलको राष्ट्रिय टोलीबाट खलेका थिएनन् ।

यस पटक टोलीमा परेसँगै नेयमार चौथो पटक विश्वकप खेल्नेछन् । उनले यसअघि सन् २०१४, २०१८ र २०२२ को विश्वकपमा पनि ब्राजिलका लागि खेलेका थिए ।

इटालियन प्रशिक्षक कार्लो एन्सेलोटीले रियो दि जेनेरियोमा आयोजित कार्यक्रममा टोली घोषणा गरेका थिए। नेयमारको नाम घोषणा हुँदा समर्थकहरूले उत्साहका साथ स्वागत गरेका थिए ।

गत वर्ष ब्राजिलको प्रशिक्षक नियुक्त भएका ६६ वर्षका एन्सेलोटीले भने, 'हामीले पूरा वर्ष नेयमारको अवस्थाको विश्लेषण गऱ्यौँ। पछिल्लो समयमा उनी निरन्तर खेलिरहेका छन् र शारीरिक रूपमा राम्रो अवस्थामा छन् ।'

चोटका कारण लिभरपुलका पछिल्ला १० खेल गुमाएका गोलकिपर एलिसन बेकर पनि टोलीमा परेका छन् । त्यस्तै म्यानचेस्टर युनाइटेडका कासेमिरो र मथियस कुन्हा, न्युक्यासल युनाइटेडका ब्रुनो गुइमाराएस, आर्सनलका डिफेन्डर गाब्रियल, ब्रेन्टफोर्डका स्ट्राइकर इगोर थियागो तथा बोर्नमाउथका फरवार्ड रायन पनि टोलीमा समावेश छन् ।

तर चेल्सीका फरवार्ड जोआओ पेड्रो भने टोलीमा परेनन् । उनले यस सिजन प्रिमियर लिगमा १५ गोल र ५ असिस्ट गर्दै चेल्सीका शीर्ष गोलकर्ता बनेका थिए ।

अन्य प्रमुख खेलाडीहरूमा रियल म्याड्रिडका भिनिसियस जुनियर, बार्सिलोनाका राफिन्हा तथा १९ वर्षका स्ट्राइकर एन्ड्रिक पनि टोलीमा छन्, जो हाल रियल म्याड्रिडबाट लोनमा लियोनमा खेलिरहेका छन् ।

पाँच पटकका विश्वकप विजेता ब्राजिलले समूह चरणमा जुन १३ मा मोरोक्को, जुन २० मा हैटी र चार दिनपछि स्कटल्याण्डसँग खेल्नेछ ।

अमेरिका, क्यानडा र मेक्सिकोमा आयोजना हुने ४८ टोली सहभागी विश्वकप जुन ११ देखि शुरु हुनेछ । ब्राजिलको विश्वकप टोली अन्तर्गत गोलकिपरहरु एलिसन बेकर (लिभरपुल), एडर्सन (फेनेरबाचे), वेभर्टोन (ग्रेमियो), डिफेन्डरहरु एलेक्स सान्द्रो, डानिलो, लियो पेरेइरा (फ्लामेङ्गो), ब्रेमर (युभेन्टस), इबानेज (अल-अहली), वेस्ली (रोमा), मार्किन्होस (पेरिस सेन्ट-जर्मेन), गाब्रियल (आर्सनल), डगलस सान्तोस (जेनिट सेन्ट पिटर्सबर्ग), मिडफिल्डरहरु ब्रुनो गुइमाराएस (न्युक्यासल युनाइटेड), कासेमिरो (म्यानचेस्टर युनाइटेड), डानिलो सान्तोस (बोटाफोगो), फाबिन्हो (अल-इत्तिहाद), लुकास पाकेटा (फ्लामेङ्गो) र फरवार्डहरुमा एन्ड्रिक (लियोन), गाब्रियल मार्टिनेली (आर्सनल), इगोर थियागो (ब्रेन्टफोर्ड), मथियस कुन्हा (म्यानचेस्टर युनाइटेड), राफिन्हा (बार्सिलोना), भिनिसियस जुनियर (रियल म्याड्रिड), लुइज हेनरिक (जेनिट सेन्ट पिटर्सबर्ग), नेयमार (सान्तोस), रायन (बोर्नमाउथ) रहेको जनाइएको छ ।

# अफ्रिकामा महादेशमा सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा

रासस/एएफपी । अफ्रिका रोग नियन्त्रण तथा रोकथाम केन्द्र (अफ्रिका सीडीसी) सङ्गो लोकतान्त्रिक गणतन्त्र (डीआरसी) र युगान्डामा बढ्दो पछिल्लो इबोला प्रकोपलाई लिएर महादेश स्तरको लागि सार्वजनिक स्वास्थ्य आपतकालको घोषणा गरेको छ ।



मुख्यतया देशको मोङ्ग्वालु, रुवाम्पारा र बुनिया स्वास्थ्य क्षेत्रहरू, साथै युगान्डाको कम्पालामा ३९५ वटा सङ्क्रमणका घटनाहरूमा १०६ जना सङक्रमितको मृत्युको रिपोर्ट गरिए पछि स्वास्थ्य आपतकालको आधिकारिक घोषणा गरेको जनाइएको छ ।

एजेन्सीले प्रकोप तिव्र रुपमा बढ्दै गएको जनाँउदै यस रोगका लागि हाल सम्म कुनै पनि विशिष्ट खोप तथा उपचार उपलब्ध नभएकाले उच्च जोखिम युक्त रहेका बताएको छ ।

अफ्रिका सीडीसीका महानिर्देशक जिन कासेयाले यो घोषणाले क्षेत्रीय समन्वयलाई बलियो बनाउन, आपतकालीन स्रोतहरू परिचालन गर्न र सङ्क्रमणको जोखिममा रहेका छिमेकी देशहरूमा तयारी प्रयासलाई गति दिन मद्दत गर्ने बताउनु भएको छ ।

अफ्रिका सीडीसीले तीव्र सीमापार आवागमन, प्रभावित क्षेत्रमा असुरक्षा र कमजोर सङ्क्रमण नियन्त्रण उपायहरूले क्षेत्रीय फैलावटको जोखिम बढाउन सक्ने चेतावनी दिएको छ ।

आपसमा जोडिएका देशहरूमा बुन्डिबुग्यो इबोला भाइरसको पुष्टिले अफ्रिकाको स्वास्थ्य सुरक्षा सङ्कटमा रहेको पुष्टि भएको बताउदै कासेयाले एजेन्सीले पहिले नै आपतकालीन प्रतिक्रिया टोलीहरू तैनाथ गरेको जनाउनु भएको छ ।

# इरान-इजरायल युद्धले संयुक्त अरब इमिरेट्सको अर्थतन्त्रमा चुनौती

रासस/एएफपी । संयुक्त अरब इमिरेट्सले लामो समयदेखि मध्यपूर्वमा अन्तर्राष्ट्रिय व्यापार र लगानीका लागि सुरक्षित गन्तव्यका रूपमा आफूलाई प्रस्तुत गर्दै आएको थियो । तर हालको इरान-इजरायल तनाव र युद्धले त्यस छविमाथि गम्भीर चुनौती ल्याएको छ ।

युद्धका क्रममा संयुक्त अरब इमिरेट्सले मिसाइल र ड्रोन आक्रमणहरू भोगेको छ । साथै, इरानसँग सम्बन्धित तनावका कारण होर्मुज जलडमरूमध्यमा अवरोध उत्पन्न हुँदा तेल तथा ग्यास निर्यातमा ठूलो असर परेको छ । रिपोर्टअनुसार कच्चा तेल र प्राकृतिक ग्यासको निर्यात आधाभन्दा बढी घटेको छ ।

पर्यटन, व्यापार सम्मेलन र विदेशी लगानीजस्ता क्षेत्रहरू पनि प्रभावित भएका छन् । यद्यपि संयुक्त अरब इमिरेट्ससँग ठूलो वित्तीय सञ्चिति भएकाले अहिलेसम्म ठूलो मात्रामा रोजगारी गुम्ने वा व्यवसाय पलायन भएको देखिएको छैन ।

देशले जोखिम घटाउन नयाँ तेल पाइपलाइन निर्माण गर्ने योजना बनाएको छ र तेल उत्पादन क्षमता बढाउन तेल उत्पादक राष्ट्रहरूको समूहबाट अलग हुने निर्णयसमेत गरेको बताइएको छ ।


तर खतरा अझै कायम छ । हालै बाराका आणविक ऊर्जा केन्द्रमा ड्रोन आक्रमण भएको घटनाले क्षेत्र अझै असुरक्षित रहेको देखाएको छ ।

विशेषज्ञहरूका अनुसार यदि तनाव लामो समयसम्म रह्यो भने, संयुक्त अरब इमिरेट्सको "स्थिर र सुरक्षित व्यापार केन्द्र" भन्ने अन्तरर्ाष्ट्रिय छवि कमजोर हुन सक्छ ।

यसैबीच, इरान र इजरायल बीचको द्वन्द्वले सम्पूर्ण क्षेत्रीय अर्थतन्त्रमा थप अनिश्चितता सिर्जना गरेको छ ।

# सिटी ग्वार्डिओलाको सम्भावित विदाइको तयारीमा

एजेन्सी । म्यानचेस्टर सिटी आइतबार हुने प्रिमियर लिग खेलपछि प्रशिक्षक पेप ग्वार्डिओलाको सम्भावित विदाइको तयारी गरिरहेको छ। त्यो खेलमा सिटीले एस्टन भिल्लासँग प्रतिस्पर्धा गर्नेछ ।



बीबीसी स्पोर्टका अनुसार ग्वार्डिओलाले यो सिजनको अन्त्यमा एतिहाद स्टेडियम छाड्ने सम्भावना रहेको बताइएको छ ।

सिटीका अनुसार ग्वार्डिओलासँग अझै एक वर्षको सम्झौता बाँकी छ र उनी अझै प्रशिक्षककै रूपमा रहने आशा गरिएको छ ।

तर क्लबभित्र भने उनको सम्भावित प्रस्थानको तयारी सुरु भइसकेको छ। धेरै कर्मचारी र खेलाडीहरू पनि सिजनको अन्तिम खेलपछि उनले क्लब छाड्ने अनुमान गरिरहेका छन् । क्लबले आफ्नो सफल प्रशिक्षकको सम्मानमा स्टेडियमको विस्तारित नर्थ स्ट्यान्ड उनको नाममा राख्ने विकल्प पनि विचार गरिरहेको बताइएको छ ।

ग्वार्डिओलासँग सिटीमा सहायक प्रशिक्षकका रूपमा काम गरेका पूर्व चेल्सी प्रशिक्षक एन्जो मारेस्कालाई उनको सम्भावित उत्तराधिकारीका रूपमा हेरिएको छ ।

# फ्लोटिलामा भएको इजरायली आक्रमणको चौतर्फी निन्दा



रासस/एएफपी । विश्व व्यापी सुमुद्र फ्लोटिलामा भएको पछिल्लो इजरायली आक्रमणको इन्डोनेसियासहित विभिन्न दश देशका विदेश मन्त्रीहरूले निन्दा गरेका छन् ।

इन्डोनेसियाको विदेश मन्त्रालयको समाजिक सञ्जाल एक्स मार्फत विज्ञप्ति जारी गरि निन्दा गरेको बताएको हो । टर्की, बङ्गलादेश, ब्राजिल, कोलम्बिया, इन्डोनेसिया, जोर्डन, लिबिया, माल्दिभ्स, पाकिस्तान र स्पेनका मन्त्रीहरूले अन्तर्राष्ट्रिय समुद्री मार्ग फ्लोटिला विरुद्ध इजरायली आक्रमण बारे गम्भीर चिन्ता व्यक्त गरेको जनाइएको छ । उनीहरुले फ्लोटिलामा नागरिक जहाजहरू र मानवीय कार्यकर्ताहरूलाई लक्षित गरी गरेको शत्रुतापूर्ण कार्यहरूको निरन्तरताको निन्दा गरेका छन् ।

उनीहरूले जहाजहरूमा आक्रमण र कार्यकर्ताहरूलाई मनमानी हिरासतमा राख्नु अन्तरर्ाष्ट्रिय कानून र मानवीयता स्पष्ट उल्लङ्घन भएको बताएका छन् ।

मन्त्रीहरूले फ्लोटिलामा नागरिकहरूको सुरक्षाका विषयमा गम्भीर चिन्ता व्यक्त गर्दै सबै हिरासतमा रहेका कर्मचारीहरूको तत्काल रिहाइ र उनीहरूको अधिकार र मर्यादाको पूर्ण सम्मान गर्न आह्वान गरेका छन् ।

# रूसको आणविक अभ्यास सुरु

रासस/एएफपी । युक्रेन युद्ध तीव्र भइरहेका बेला रूसले देशभरका हजारौँ सैनिक सहभागी गराउँदै तीन दिन लामो ठूलो स्तरको आणविक हतियार अभ्यास सुरु गरेको छ । किएभले ड्रोन आक्रमणहरू बढाइरहेका र राष्ट्रपति भ्लादिमिर पुटिन चीन भ्रमणमा जानुअघि भएको यो अभ्यासलाई रणनीतिक रूपमा महत्त्वपूर्ण सङ्केतका रूपमा हेरिएको छ ।



रूसी सेनाले मङ्गलबारदेखि मे १९ देखि २१ सम्म सञ्चालन हुने उक्त अभ्यासमा आक्रमणको सम्भावित खतरा सामना गर्ने परिस्थितिमा आणविक शक्तिको तयारी र प्रयोगसम्बन्धी परीक्षण गरिने जनाएको छ । रक्षा मन्त्रालयका अनुसार यो अभ्यासले देशको आणविक क्षमता र आपतकालीन अवस्थाको तयारीलाई सुदृढ बनाउने उद्देश्य राखेको छ ।

रूसले युक्रेनमा करिब चार वर्षभन्दा बढी समयदेखि जारी आक्रमणका क्रममा बारम्बार आणविक हतियार प्रयोगको चेतावनी दिँदै आएको छ । पछिल्लो अभ्यास पनि त्यही पृष्ठभूमिमा आएको हो, जहाँ मस्को र पश्चिमी मुलुकबीचको तनाव उच्च बनेको छ ।

रक्षा मन्त्रालयले जारी गरेको विवरणअनुसार यस अभ्यासमा ६५ हजारभन्दा बढी सैनिक सहभागी हुनेछन् । साथै सात हजार ८०० प्रकारका उपकरण तथा हतियार प्रणाली प्रयोग गरिनेछ, जसमा २०० भन्दा बढी मिसाइल प्रक्षेपण प्रणाली समावेश छन् । अभ्यासमा विमान, युद्धपोत, पनडुब्बी र आणविक पनडुब्बीसमेत सहभागी हुने जनाइएको छ ।

यस क्रममा ब्यालेस्टिक र क्रुज मिसाइलहरूको परीक्षण पनि गरिने बताइएको छ, जसले रूसको आणविक प्रतिरोध क्षमता र तयारी अवस्था मूल्याङ्कन गर्नेछ ।

मन्त्रालयका अनुसार यो अभ्यासमा बेलारुसमा तैनाथ आणविक हतियारसँग सम्बन्धित संयुक्त अभ्यास पनि समेटिएको छ । रूसले नाटोसँगको सीमामा रहेको आफ्नो सहयोगी बेलारुसमा पहिले नै आणविक क्षमतायुक्त ओरेसनिक मिसाइल प्रणाली तैनाथ गरिसकेको छ ।

यसैबीच, रुस-अमेरिका बीचको पछिल्लो प्रमुख आणविक हतियार नियन्त्रण सम्झौता समाप्त भएको केही महिनापछि यो अभ्यास गरिएको हो । उक्त सम्झौता समाप्त भएपछि विश्वका दुई ठूला आणविक शक्ति राष्ट्रबीचको औपचारिक नियन्त्रण संरचना कमजोर बनाएको मानिएको छ ।

पुटिनले मस्कोको आणविक शक्तिबारे हालै गरेका कडा टिप्पणीहरूका बीचमा यो अभ्यास सार्वजनिक गरिएको हो । विश्लेषकहरूका अनुसार यसले रूसको सैन्य तयारी र रणनीतिक दबाब दुवैलाई प्रदर्शन गर्ने उद्देश्य राखेको छ ।

यो अभ्यास राष्ट्रपति पुटिन चीनतर्फ दुई दिने भ्रमणमा प्रस्थान गर्नुअघि केही घण्टा अघि घोषणा गरिएको हो, जसलाई अन्तरर्ाष्ट्रिय कूटनीतिक सन्दर्भमा पनि चासोका साथ हेरिएको छ ।

## निरन्तर तेस्रो पटक शून्य बेरुजु बन्न सफल महाभारत गाउँपालिका

धुलिखेल। काभ्रेपलाञ्चोकको डाँडापारिस्थित महाभारत गाउँपालिकामा यसवर्ष पनि शून्य बेरुजु पालिका बन्न सफल भएको छ। आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनअनुसार महाभारत गाउँपालिकामा एक अर्ब १३ करोड ७१ लाख ९० हजार रुपैयाँको लेखापरीक्षण गरिएको थियो।

यसअघिको दुई आवमा पनि निरन्तर शून्य बेरुजु कायम राख्न सफल भएकामा पालिकाले यो तेस्रोपटक शून्य बेरुजु बनाउन सफल भएको हो। महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले सङ्घीय, प्रदेश र स्थानीय सरकारले बनाएको ऐन, कानुन र गाउँसभाले पारित गरेको बजेटलाई कार्यान्वयन गर्दै आउने क्रममा पालिकालाई शून्य बेरुजु बनाउन सफल भएको बताउनुभयो।

बजेटको उचित कार्यान्वयनसँगै चन्दा, सहयोग नगरेको र सञ्चालन खर्चलाई घटाएर पुँजीगत खर्चलाई बढाउने कुरामा ध्यान दिएर जनप्रतिनिधि एवं कर्मचारीले सामूहिक रूपमा गरेको प्रतिबद्धताअनुसार नियम र कानुनको परिधिमा रहेर काम गरेका कारण निरन्तर रूपमा शून्य बेरुजु पालिका बनाउन सफल भएको उहाँको भनाइ छ। गाउँपालिकाले लगातार तेस्रोपटक 'शून्य बेरुजु' कायम गर्न सफल भई देशभरका स्थानीय तहका लागि उदाहरणीय सन्देश दिन सफल भएको छ।

सार्वजनिक प्रतिवेदनअनुसार काभ्रेपलाञ्चोकको १३ वटा स्थानीय तहमध्ये नगरपालिकातर्फ मण्डनदेउपुर सबैभन्दा कम ०.०५ प्रतिशत अर्थात् कुल लेखापरीक्षण रकमको १० लाख ४९ हजार रुपैयाँ बेरुजु रहेको छ। त्यस्तै गाउँपालिकातर्फ चौँरीदेउराली ०.१८ प्रतिशत रहेको छ।

जिल्लाका पनौती नगरपालिका ३.०४ प्रतिशत, नमोबुद्ध १.३८, धुलिखेल ०.६८, बनेपा ०.७१, पाँचखाल ०.१, बेथानचोक गाउँपालिका ०.५५, तेमाल ०.५, खानीखोला ०.५८, रोशी ०.६२ र भुम्लु गाउँपालिका ०.६८ प्रतिशत बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ। रासस

# भैँसीपालनमा रमाउँदै अर्जुन

झापा। भद्रपुर नगरपालिका-१ का ३९ वर्षीय अर्जुन सुवेदीको गोठमा भैँसीका पाडापाडीको लस्कर छ। कतारको मरुभूमिमा ११ वर्ष पसिना बगाएर फर्किनुभएका उहाँ अहिले स्वदेशमै सफल उद्यमीका रूपमा चिनिनुभएको छ। सुखद भविष्य खोज्दै २२ वर्षको उमेरमा कतार पुग्नुभएका अर्जुन घर फर्कंदा उहाँका बुबाले विदेश अब नजान सुझाव दिनुभएको थियो। "घरबाट छुट्टिएपछि बुबाले दुई बिघा जग्गा गरिखान भनेर दिनुभयो", उहाँ सम्झिनुहुन्छ, "अब विदेश नजा, भैँसी पालिस भने तेरो भविष्य राम्रो हुन्छ भन्नुभयो। अनि बुबाकै आज्ञापालन गरेर म भैँसीपालन व्यवसायमा लागेको हुँ।"

विसं २०७६ मा मुलुक कोरोना महामारीको चपेटामा रहेका बेला उहाँले आँट गरेर यो व्यवसाय सुरु गर्नुभएको थियो। गाउँभरिका युवा कि विदेश गइरहेको कि घुमेरै समय बिताइरहेका बेला अर्जुनले विदेशबाट अनुभवसहित फर्केर फरक बाटो रोज्नुभएको थियो। उहाँले पशुपालन गर्ने दृढ सोचका साथ 'सुवेदी कृषि फार्म' दर्ता गराउनुभयो। कृषि विकास बैंकबाट रु ५७ लाख ऋण लिएर ६४ वटा मुर्रा जातको पाडापाडीबाट सुरु भएको यो व्यावसायिक यात्रा अहिले विशाल रूपमा फैलिएको छ। भैँसीसँगै उहाँले बाख्रापालन र तरकारीखेतीलाई पनि अगाडि बढाउनुभएको छ।

अर्जुनको यो व्यवसायमा परिवारको दर्बिलो साथ छ। पत्नी दुर्गा सुवेदी र १६ वर्षीय छोरा बिहान सुवेदीले गोठको काममा उहाँलाई सघाउँदै आउनुभएको छ। उहाँकी पत्नी दुर्गा चार वर्ष वैदेशिक रोजगारीको क्रममा कतार बस्नुभएको थियो। दुर्गालाई पनि परिवारमै बसेर रमाउँदै स्वदेशमै उद्यम गर्न तीव्र इच्छा थियो। बुबाको व्यवसायलाई प्राविधिक रूपमा सघाउन छोरा बिहान भेटेरिनरी विज्ञान अध्ययन गरिरहेका छन्। छोरी विनिता उच्च शिक्षाका लागि जापानमा छिन्। छोरीलाई विदेशमा पढाउने खर्चको जोहो गर्न पनि यही भैँसीपालनबाट टेवा पुगेको अर्जुन सुबेदी बताउनुहुन्छ।

भद्रपुर-१ पृथ्वीनगरस्थित आफ्नै घरमा १५० वटा भैँसी अट्ने आधुनिक स्थायी गोठ छ। गोठ निर्माणमा रु २६ लाख लगानी भएको उहाँले जानकारी दिनुभयो। उहाँको व्यवसायले स्थानीयलाई रोजगारीसमेत दिएको छ। बगर खेतमा लगाएको आलु, काउली र मकैखेतीले उहाँको आम्दानीमा थप टेवा पुऱ्याएको छ। भैँसीसँगै उहाँले २५ माउ बाख्रा पनि पाल्नुभएको छ। भैँसीपालनमा मात्रै लगभग रु ७० लाख



लगानी भइसकेको उहाँले जानकारी दिनुभयो।

उहाँको गाउँतिर थ्रेसरमा धान दाइँ गरेपछि पराल खेतमै छाड्ने र डढाउने चलन छ। उहाँले त्यसरी खेतमा फालिएका पराल सङ्कलन गरेर राख्ने गर्नुभयो, जसले भैँसीलाई हरियो घाँसमा मिसाएर पराल खुवाउन सहज भयो। उहाँका बुबा आसाम र इलाममा छँदा भैँसीपालन गर्नु हुँदोरहेछ। भैँसीपालन गरेरै बुबाले पनि झापामा जग्गा जोड्नुभएको उहाँले बताउनुभयो।

भैँसी पाल्दा चरन र घाँस उत्पादनका लागि उहाँले १३ बिघा बगर खेत भाडामा लिनुभएको छ। चरनमै अस्थायी गोठ बनाउनुभएको छ। भैँसीलाई चरनमा गोठालो गर्न कामदारहरु राख्नुभएको छ। भैँसी र बाख्रापालनबाट प्राप्त हुने आम्दानीबाट उहाँ सन्तुष्ट हुनुहुन्छ। कतारमा रहँदा उहाँ मासिक रु. डेढ लाख कमाइ गर्नुहुन्थ्यो। उहाँ भन्नुहुन्छ, "स्वदेशमै बसेर भैँसी पाल्दा पनि त्योभन्दा चाहिँ कम कमाइ छैन।" सिराहा र सप्तरीबाट साना पाडापाडी किनेर ल्याउने र बढीमा तीन वर्ष पालेपछि बिक्री गर्दै आएको उहाँ बताउनुहुन्छ। उहाँले दूध उत्पादनका लागि भैँसी पाल्नुभएको होइन। मासुका लागि राँगा किन्न गोठमै व्यापारी आउने गरेको उहाँले बताउनुभयो। राँगा मात्रै होइन, ब्याउने भइसकेका पाडी धेरै दाममा बिक्री हुने गरेको छ।

उहाँले पालेका ११० वटा भैँसीका पाडा र २३० वटा बाख्राका पाठी कचनकबल गाउँपालिकाले एकै खेपमा किनेर लगे। उहाँसँग किनिएका पाडा र पाठीहरु कचनकबल गाउँपालिकाले आफ्नो पालिकाका किसानहरुलाई वितरण गरेको थियो। कनकाई नगरपालिकाले पनि १३० वटा बाख्राका पाठी किनेर लगेको र किसानलाई वितरण गरेको उहाँले जानकारी दिनुभयो।

सुरुका वर्षहरुमा धेरै संख्यामा भैँसीका पाडापाडी र बाख्रा पाल्नु भए तापनि अहिले बाख्राको सङ्ख्या घटाउनु भएको छ। भैँसी चाहिँ हुर्काउँदै बेच्दै गर्नुभएको छ। भैँसीपालनबाट खरिदको तुलनामा तेब्बरसम्म मुनाफा हुने गरेको उहाँले बताउनुभयो।

उहाँले लहानतिर एउटा पाडा वा पाडी रु २० हजारमा किन्नुहुन्छ। तीन वर्ष पालेपछि ती पाडापाडी रु ८० हजारदेखि रु डेढ लाखसम्ममा गोठबाटै बिक्री हुने गरेको उहाँ बताउनुहुन्छ। ब्याउने पाडी रु डेढ लाखसम्ममा र मासुका लागि पालिएको पाडा रु ८० हजारदेखि एक लाखसम्ममा बिक्री हुने गरेको रहेछ। "दसैं र रमदान चाडका बेला एकैखेपमा धेरै पाडा बिक्री हुन्छन्", उहाँले भन्नुभयो, "मासुका लागि भैँसीका पाडाको बजारमा उच्च माग छ। भद्रपुर वरपरकै मासु व्यवसायीको माग नै धान्न सकिएको छैन। बिक्रीको अहिले कुनै समस्या छैन।"

भद्रपुर नगरपालिका-३ का हेमकुमार कार्कीले सञ्चालन गर्नुभएको मासु पसलमा हप्तैपिच्छे चार वटा पाडा जाने गरेको उहाँले बताउनुभयो।

बिहे, उत्सव र चाडहरुमा भैँसीको पाडा किन्न गाउँबाट आउनेहरु धेरै हुने गरेका छन्। उहाँले भैँसीपालनसँगै बीउका लागि चार वटा साँढेगोरु पनि पाल्नुभएको छ। साँढेगोरुबाट मासिक रु ५० हजार आम्दानी हुने गरेको बताउनुभयो। गोबर मल प्रतिट्र्याक्टर रु पाँच हजारका दरले बिक्री हुने गरेको छ। चिया बगानका सञ्चालकहरुले गोबर मल किनेर लैजाने गरेका छन्।


चरन र घाँसका लागि भाडामा लिएको १३ बिघा खेतको केही हिस्सामा तरकारी र अन्न बाली लगाउँदा आम्दानी बढ्ने गरेको छ। यसपालि पाँच बिघा जमिनमा आलुखेती र तीन बिघा खेतमा बन्दाकोपी खेती गरेर मनग्य आम्दानी लिएको उहाँले बताउनुभयो। भैँसीपालनबाट घर व्यवहार राम्रो चलेको र छोराछोरीको पढाइमा सहयोग पुगेको उहाँले बताउनुभयो। भैँसीपालन सुरु गर्दा चिनेजानेका साथी र आफन्तले पनि नाक खुम्च्याउने गरेको तर अहिले प्रगति देखेर सोधखोज गर्ने गरेको सुवेदीले बताउनुभयो।

गाउँमा यति ठूलो क्रान्तिकारी व्यवसाय सञ्चालन गर्दै आए तापनि हालसम्म उहाँले सरकारी प्रोत्साहन भने पाउनुभएको छैन। तीनै तहको सरकारबाट कुनै पनि अनुदान नपाएको उहाँले बताउनुभयो। व्यक्तिगत पहलमा यति ठूलो कृषि व्यवसाय सञ्चालन गरिरहे तापनि उहाँको फर्ममा हेर्न सरकारी निकायका पदाधिकारीहरु पुग्ने गरेका छैनन्।

आधुनिक तरिकाले कृषि व्यवसाय गर्ने हो भने विदेशतिर लर्को लागिरहेको युवा शक्तिलाई स्वदेशमै टिकाउन सकिने उहाँ बताउनुहुन्छ। धेरै आम्दानी गर्न सकिन्छ भनेर बुझाउनु नसक्दा युवाहरु विदेश पलायन भइरहेको उहाँको भनाइ छ। "महिनाको रु ५० हजार कमाउन विदेशमा कडा परिश्रम गर्न गइरहनु पर्दैन", उहाँ भन्नुहुन्छ, "बाबुबाजेले पालेकोजस्तो निर्वाहमुखी कृषिबाट चाहीँ हुँदैन। तर आधुनिक ढङ्गले व्यावसायिक बन्ने हो भने भैँसी पालेरै मासिक डेढ दुई लाख कमाइ गर्न कुनै गाह्रो छैन।"

उहाँ भैँसीपालन व्यवसायलाई निरन्तरता दिने पक्षमा हुनुहुन्छ। सरकारी अनुदान र प्रोत्साहन नपाए तापनि आफ्नो कुनै गुनासो नरहेको उहाँले बताउनुभयो। सुरुको ऋण घटाएको र भविष्यमा चुक्ता गरेर आफ्नै पुँजीमा व्यवसाय विस्तार गर्ने सोच रहेको उहाँले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "स्वरोजगार बन्ने र स्वदेशमै उद्यम गर्ने सोचले मलाई भैँसीपालनमा डोहोऱ्याएको हो। आजका युवाहरुमा यही सोचको अभाव देखेको छु।" रासस

# आचार्यको तरबुजाखेती अरुका लागि प्रेरणा



गण्डकी। वर्षेनि उब्जाउयोग्य जमिन बाँझिँदै गरेका अवस्थामा कास्कीको पोखरा महानगरपालिका-३३ का युवा रमेश आचार्यले यहाँको सुरौदी खोलाको तिखेढुङ्गामा गर्नुभएको तरबुजा खेती अरुका लागि प्रेरणाको स्रोत बनेको छ।

करिब चालिस रोपनी क्षेत्रफलमा फलिरहेका तरबुजा बजारमा लैजाने तयारी भइरहँदा यतिखेर आचार्य आफैँमा हर्षित हुनुहुन्छ। उहाँको कृषिकर्म र यसप्रतिको लगाव यस क्षेत्रका स्थानीयका लागि प्ररणाको स्रोत बनेको हो। स्नातकसम्मको अध्ययनसँगै १० वर्षको शिक्षण पेसा, तीन वर्षको वैदेशिक रोजगारीसँगै विद्युत् प्राविधिकसमेतका अनुभव सँगालेका आचार्य विगत लामो समयदेखि कृषिका क्षेत्रमा सक्रिय बन्दै नयाँनयाँ प्रयोग गर्दै आउनुभएकामा २०७८ सालदेखि 'तिखेढुङ्गा बागमारा पशुपालन तथा कृषि फार्म' मार्फत आफ्नो कृषिकर्मलाई थप व्यावसायिक बनाउनुभएको छ।

आचार्यले गरिरहनुभएको तरबुजाखेतीसहितको पशुपालन, तरकारी, फलफूल तथा विभिन्न कृषिजन्य उत्पादन अरुका लागि पनि दरिलो पाठशाला बनेको छ। अघिल्लो वर्ष ज्ञानबहादुर कार्कीसँगको सहकार्यमा संयुक्त रुपमा तरबुजाखेती गर्नुभएका उहाँले यस वर्ष भने एकल रुपमा नै ४० रोपनी क्षेत्रफलमा यो खेती गर्नुभएको हो। हरेक तरबुजाको बिरुवामा सुरौदी खोलाको पानीलाई मोटरमार्फत तानेर थोपा सिँचाइ प्रणालीलाई उहाँले उपयोग गर्नुभएको छ।

यस वर्ष तरबुजा खेती लगाएपछि दुई पटकसम्म असिनाले क्षति पुऱ्याए पनि लगभग ३० हजार किलो बजारमा बिक्री गर्न सकिने आचार्य बताउनुहुन्छ।

"असिनाका चोटसँगै केही दिनयता लगातार आएको पानीका कारण केही तरबुजा कुहिने डर छ", उहाँले भन्नुभयो, "अघिल्लो वर्ष यस क्षेत्रकै बागमारा, खुदी, गगनगौँडा, खल्याण, दुलेगौडा हुँदै पोखरासम्म बिक्री भएका कारण यस वर्ष पनि बिक्री सहजै हुने विश्वास लिएको छु।"

आचार्यले फर्ममा थप १० रोपनी क्षेत्रफलमा घिरौँला, काँक्रा, लौका, फर्सी, करेला आदिको खेती गरिहनुभएको छ भने भैँसीपालन पनि सँगसँगै गरिहनुभएको छ। उहाँको फर्ममा हाल ३० वटा भैँसी छन्। पछिल्ला वर्षमा आचार्य जस्तै पोखराका विभिन्न स्थानमा कृषकले तरबुजाखेती गरिहेका छन्।

यस वर्ष पोखराका विभिन्न स्थानमा ५०० रोपनी क्षेत्रफल जमिनमा तरबजुजाखेती भइरहेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो। पछिल्ला वर्षमा महानगरपालिकाले तरबुजा खेतीका लागि अनुदानलगायत कार्यक्रम बढाइरहेको छ।

महानगरपालिकाका १३, १४, १६, २१, २२, २३, २६, ३०, ३२ र ३३ नं वडामा तरबुजाखेती भइरहेको जानकारी दिँदै प्रमुख कडरियाले यस वर्ष तरबुजाखेती गर्ने कृषकलाई ५० प्रतिशत अनुदानमा बीउका साथै मल्चिङ प्लाष्टिक वितरण गरिएको बताउनुभयो।

"पोखरा महानगरपालिकामा यस वर्ष तरबुजाखेतीको कारोबार रु पाँच करोड बराबरको हुने अनुमान गरिएको छ", उहाँले भन्नुभयो। प्रमुख कडरियाका अनुसार महानगरपालिकाले स्थानीय उत्पादनको प्रवर्द्धनका लागि तरबुजाको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनुका साथै ब्राण्डिङका लागि स्टिकर उपलब्ध गराउन लागेको छ। तरबुजाखेतीप्रतिको आकर्षण बढाउनकै लागि पोखरा महानगरपालिका वडा नं १३ मा पोखरा तरबुजा मेला-२०८३ गर्न लागिएको छ।रासस

# पशुपालक महिलाको सम्मेलन काठमाण्डुमा




काठमाण्डु। विश्वका विभिन्न देशका पशुपालक महिलाहरूको अन्तरराष्ट्रिय सम्मेलन काठमाडौँमा यही जेठ १२ देखि १५ गतेसम्म हुँदैछ।

'ग्लोबल ग्यादरिङ अफ पास्टोरालिस्ट वुमेन' विषय सम्मेलन सहभागी हुन काठमाण्डुमा ४० देशका पशुपालक तथा खुला चरन क्षेत्रमा गरिने पशुपालन (र्‍यान्च) सञ्चालन गर्ने महिलाहरू सहभागी हुनेछन्।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को प्रमुख आयोजनामा हुन लागेको यो सम्मेलन अन्तरराष्ट्रिय चरनभूमि तथा पशुपालक वर्ष २०२६ अन्तर्गत हुने पहिलो ठूला विश्वव्यापी कार्यक्रमहरूमध्ये एक हो। कार्यक्रमको उद्देश्य उनीहरूको नेतृत्वलाई सम्मान गर्नु, अनुभव र ज्ञान साटासाट गर्नु तथा पशुपालन, चरनभूमि र जलवायु न्यायका विषयमा विश्वव्यापी सहकार्यलाई बलियो बनाउनु हो।

यस भेलाको मुख्य विषय 'मेरा घोषणापत्र'लाई पुनः समीक्षा गर्नु रहेको इसिमोडले जनाएको छ। यो घोषणापत्र सन् २०१० मा भारतको 'मेरा' क्षेत्रमा आयोजित विश्व भेलामा पशुपालक महिलाहरूले तयार पारेको महत्वपूर्ण राजनीतिक दस्तावेज हो। यस घोषणापत्रले लैङ्गिक समानता, पशुपालक अधिकार र वातावरण संरक्षणको पक्षमा आवाज उठाउँछ। आज पनि यो दस्तावेज पशुपालक महिलाहरूको विश्वव्यापी अभियानका लागि महत्वपूर्ण मानिन्छ।

पशुपालक महिला तथा बालिकाहरूले चरनभूमिको संरक्षण गर्न र खाद्य तथा रेशा उत्पादनलाई टिकाइराख्न महत्वपूर्ण भूमिका खेलेका छन्। उनीहरू पृथ्वीको लगभग आधा भूभागको संरक्षणमा प्रत्यक्ष रूपमा संलग्न छन्। तर, उनीहरूको योगदानलाई अझै पर्याप्त मान्यता दिइएको छैन।

धेरै महिलाहरू सुरक्षित भूमिअधिकारको अभाव, जलवायु परिवर्तनको बढी असर तथा नीति निर्माण र निर्णय प्रक्रियाबाट बाहिर राखिने समस्यासँग जुधिरहेका छन्। यस भेलाले उनीहरूको आवाजलाई बलियो बनाउने, उनीहरूको कामलाई सहयोग गर्ने र स्थानीयदेखि विश्वस्तरसम्म निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्ने लक्ष्य राखेको इसिमोडद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सहभागीहरूले भूमिअधिकार, आर्थिक आत्मनिर्भरता, परम्परागत ज्ञान, चरनभूमि पुनःस्थापना, जैविक विविधता संरक्षण, शिक्षा, स्वास्थ्य तथा जलवायु सहनशीलतासम्बन्धी अनुभव साटासाट गर्ने बताईएको छ। कार्यक्रममा पशुपालक महिलाहरूको विश्वव्यापी सञ्जाल निर्माण गर्ने र साझा नीतिगत एजेन्डा तयार गर्ने विषयमा पनि छलफल हुनेछ।रासस

# नेप्से परिसूचक छ दशमलव ५१ अङ्कको गिरावट

काठमाण्डु। धितोपत्र बजारमा शेयर कारोबार मापन नेप्से परिसूचक आज पनि आरोलो लागेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार, कारोबार मापक नेप्से परिसूचक छ दशमलव ५१ अङ्कले ओरालो लागेर दुई हजार ७२४ दशमलव ३९ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ६८ अङ्कले ओरालो लागेर ४६७ दशमलव ३७ मा सीमित भएको छ। कुल ३४६ कम्पनीको ७८ लाख १६ हजार ४७८ कित्ता शेयर रु तीन अर्ब आठ करोड ७७ लाख ३० हजार ९६२ मूल्यमा खरिद-बिक्री भएको छ।

नेप्सेका अनुसार, सिटी होटल, साहस ऊर्जा, आँखु खोला जलविद्युत् कम्पनी, कर्पोरेट डेभलपमेन्ट बैङ्क र एसवाई नेपाल लिमिटेड कारोबारका आधारमा शीर्ष स्थानमा रहेको छ।

यसैगरी, कर्पोरेट डेभलपमेन्ट बैङ्क, नेपाल रिपब्लिक मिडिया, दार्माखोला हाइड्रो इनर्जी, ग्लोबल आइएमई ब्यालेन्स फन्ड पहिलो र नेपाल एसबिआई बैङ्कको ऋणपत्रका लगानीकर्ताले कमाएका छन्।रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/०६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**: २०८३/०२/२० गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी

**बोलपत्र खोलिने मिति/समय**: २०८३/०२/२२ गते, शुक्रबार दिनको ३ बजे

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | |
| १. | नाम : सन्ध्या कस्मेटीक पसल<br>बर्दिबास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय<br>दर्ता नं. १४-२५-००२७, दर्ता मिति : २०७५/०६/११, पान नं. ६०८५३६०५९, दर्ता मिति : २०७५/०६/११<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १४, संचालक : विजय साह सोनार | |
| | जमानतकर्ताको विवरण | |
| | १. नाम : विजय साह सोनार<br>ना.प्र.नं. ०४९२७५४९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६२/०२/२४<br>बाबुको नाम : किस्नु साह सोनार<br>बाजेको नाम : राम प्रसाद साह<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. २ | २. नाम : शोभा देवी<br>ना.प्र.नं. १८३०७४/११, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/०४<br>पतिको नाम : विजय साह सोनार<br>ससुराको नाम : किस्नु साह सोनार<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. २ |
| | धितोको विवरण | |
| | शोभा देवीको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न. बहादुरगञ्ज गा.वि.स. वडा नं. ३ ख स्थित कित्ता नं. ४१४८, ४२२७ र ४२०६ को क्षेत्रफल क्रमश: ०-०-१.७५-०, ०-०-३.५-० र ०-०-१-१२ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

## म्याद तामेली सम्बन्धी ३० तिस दिने सार्वजनिक सूचना

उपरोत्त सम्बन्धमा जि.धनुषा गा.वि.स. उमाप्रेमपुर गा.वि.स.वा.नं.७ हाल धनुषाधाम नगरपालिका वा.नं.५ मा बस्ने बुधन राईनको छोरा मो. इसलाम राईन वादी र जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वा.नं.२४ मा बस्ने अभिशेक पन्त प्रतिवादी भई कार्वाहीयुक्त अवस्थामा रहेका मि.नं. १५ डा.मि. २०७६/०६/०२ गतेको मोही नामसारी मुद्दामा जिल्ला धनुषा उमाप्रेमपुर गा.वि.स. वडा नं.७क को कि.नं.५८ जग्गाको विपक्षी नाउँमा म्याद तामेली हुन नसकि प्रतिवेदन सहित फिर्ता भई आएको हुँदा मिति २०८३/०२/०५ गतेमा भएको आदेशानुसार प्रतिवादी जग्गाधनी नाउँको म्याद सरहको ३० तिस दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न लगाउने भनि भएको आदेशानुसार तपाई ज.ध. अभिषेक पन्तको नाउँमा यो म्याद सरहको सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतः तपाई जग्गा धनीको नाउँमा दर्ता कायम रहेका उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गा मोही नामसारी गरी पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज जग्गा धनी भए निज स्वयम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र आफ्नो लिखित जवाफ प्रतिउतर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम जग्गा मोही नामसारी हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

**तपसिल**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | उमाप्रेमपुर | ७क | ५८ | ०-९-० | अभिषेक पन्त |

# मौलापुर नगरपालिकामा तालाबन्दीको चेतावनी

टुडे समाचारदाता



रौतहट । रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले संघीय सरकारले प्रत्यक्ष रूपमा हस्तक्षेप गरेकोआरोप लगाए। उनले वालेन्द्र साह नेतृत्वको सरकारलाई मौलापुर नगरपालिकामा भइरहेको भनिएको गैरकानुनी हस्तक्षेप तत्काल रोक्न आग्रह गर्दै अन्यथा नगरपालिकामा तालाबन्दी गर्न बाध्य हुने चेतावनी दिइन्।

मेयर साहले मंगलबार प्रेस वक्तव्य जारी गर्दै संविधान र कानुनअनुसार स्थानीय तह सञ्चालन गर्न संघीय सरकारले सहजीकरण गर्नुको सट्टा कर्मचारीतन्त्रमार्फत अनावश्यक दवाब र अवरोध सिर्जना गरिएको आरोप लगाइन्।

उनले नगरपालिकाले सञ्चालन गर्दै आएको 'फ्री बिजुली, फ्री पानी' कार्यक्रम तथा 'छोरीसँग मेयर कार्यक्रम' अन्तर्गत छोरीहरूको विवाहमा प्रदान गरिने आर्थिक सहयोग कार्यक्रमप्रति नगरपालिका प्रतिबद्ध रहेको स्पष्ट पारिन्।

नगरसभाबाट पारित नीति, कार्यक्रम तथा बजेटअनुसार आवश्यक रकम विनियोजन गरिसकिएको भए पनि प्रशासनिक अवरोधका कारण भुक्तानी प्रक्रिया प्रभावित भएको उनले बताइन्।

मेयर साहका अनुसार चालु आर्थिक वर्षको शुरुवातमै तत्कालीन सरकारद्वारा खटाइएका प्रमुख प्रशासकीय अधिकृत लामो समय कार्यालयमा अनुपस्थित रहे।

त्यसपछि सरकार परिवर्तन, अस्पष्ट निर्देशन तथा आचारसंहिताका कारण विकास कार्यक्रम र सेवा प्रवाह प्रभावित भएको उनको दाबी छ। उनले वर्तमान सरकारले पठाएको प्रमुख प्रशासकीय अधिकृतसमेत नियमित रूपमा कार्यालयमा उपस्थित नभएको तथा बैंक खाता सञ्चालन प्रक्रियासमेत अगाडि नबढाएको आरोप लगाएकी छन्।

पटक पटक निर्देशन दिँदा पनि विभिन्न बहानामा भुक्तानी रोक्ने र योजना कार्यान्वयनमा ढिलाइ गर्ने कार्य भइरहेको भन्दै उनले यसलाई स्थानीय सरकारलाई असफल बनाउने प्रयासको संज्ञा दिएकी छन्।

मेयर साहले निर्वाचित जनप्रतिनिधिको निर्णय कार्यान्वयनमा कर्मचारीले 'माथिको आदेश' भन्दै अवरोध सिर्जना गर्नु स्थानीय स्वायत्ततामाथिको हस्तक्षेप भएको उल्लेख गरिन्।

सशर्त बजेट कार्यान्वयनदेखि विकास योजनासम्ममा अनावश्यक रोक लगाइएको उनको आरोप छ।

मौलापुर नगरपालिकामा पछिल्ला घटनाक्रमले गम्भीर अवस्था सिर्जना गरेको उल्लेख गर्दै उनले संघीय सरकारलाई हस्तक्षेप तत्काल बन्द गर्न आग्रह गरेकी छन्। अन्यथा नगरपालिका बन्द गरी तालाबन्दी गर्न बाध्य हुने चेतावनीसमेत उनले दिइन्।

# छुट्टै कार्यालय खोल्न घर खोज्दैछ देउवा समूह

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा समूहले १५औं महाधिवेशनको निस्पक्षताका लागि पार्टीले संयन्त्र बनाउनुपर्ने माग अघि सारेका छन्।

विभिन्न प्रदेशमा लगातार भेला गरिरहेको देउवा समूहले पार्टीभित्रका विवाद समाधान र महाधिवेशन निष्पक्षताका लागि एउटा कार्यदल आवश्यक पर्नेमा जोड दिएको छ।

निवर्तमान सभापति देउवा अहिले विदेशमा छन्। स्वास्थ्य उपचारका लागि विदेश गएका हुन् अहिलेसम्म फर्किएका छैनन्।

उनको अनुपस्थितिमा देउवा समूहको नेतृत्व निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले गरेका छन् भने नेताहरू विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, प्रकाशशरण महत लगायत पनि यही समूहमा छन्।

गत असोज २८ गते देउवाले खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएपछि यो समूहको नेतृत्व खड्काले नै गर्दै आएका छन्।

उक्त समूहमा सक्रिय रहेका नेता प्रकाशशरण महतले पार्टी एकताबद्ध बनाएर जानुपर्ने पक्षमा आफूहरू रहेको बताए।

पार्टीको अधिवेशन प्रक्रिया अघि बढाउन एउटा निष्पक्ष संयन्त्र गठन गर्न विशेष महाधिवेशनबाट आएको वैधानिक नेतृत्व तयार रहनुपर्ने उनले बताए।

उनले भने, 'सहमतिको एउटा सानो संयन्त्र बनाउनुपर्छ त्यसका लागि विशेष महाधिवेशनबाट आएको वैधानिक नेतृत्व तयार रहनुपर्छ, हाम्रो कुरा यत्ति हो।'

उनले क्रियाशील सदस्यता अद्यावधिक गरिराख्न जरुरी नपर्ने पनि बताए।

'१५औं महाधिवेशनका लागि भनेर क्रियाशील नवीकरण गरिसकेको हो। त्यस बेला गगन थापाजी महामन्त्री तथा क्रियाशील सदस्यता व्यवस्थापन समिति संयोजक हुनुहुन्थ्यो। अहिले फेरि किन क्रियाशील अद्यावधिक गरिराख्नुपर्‍यो ?' उनले भने, 'यस्ता सबै कुराको हल गर्न पनि पार्टीभित्र एउटा सहमतिको साझा संयन्त्र आवश्यक पर्छ। त्यो संयन्त्र बनाउने हो भने पार्टीभित्रका विवाद टुंगो लगाउन ठूलो कुरा छैन, मिलाउनुपर्छ भन्ने हाम्रो भनाइ हो। चाहने/नचाहने त वैधानिकता पाउनेहरूको हातमा रह्यो।'

कांग्रेसले वैशाखदेखि जरा अभियानसँगै क्रियाशील सदस्यता अद्यावधिक अभियान चलाइरहेको छ। नेताहरू पूर्णबहादुर खड्का र शेखर कोइरालाले क्रियाशील अद्यावधिक नगर्न अपिल गर्दै आएका छन्। देउवा र कोइराला पक्षको काठमाण्डु तथा प्रदेशहरूमा भएका भेलामा पनि क्रियाशील अद्यावधिक नगर्ने निर्णयहरू भइरहेका छन्।



महामन्त्री प्रदीप पौडेल संयोजक रहेको क्रियाशील सदस्यता समितिले प्रदेशहरूमा अभियानकै रूपमा अद्यावधिक प्रक्रिया अघि बढाएको छ भने जेठ २१ गतेभित्र क्रियाशील अद्यावधिकसम्बन्धी कार्य गर्न समयसीमा तोकेको छ।

कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालका अनुसार क्रियाशील सदस्यता डिजिटल रूपमा अद्यावधिक कार्य देशभरका ६ हजार ७ सय ४३ वटै वडामा भइरहेको छ। आफ्नो मोबाइल नम्बरबाट केन्द्रीय कार्यालयको अधिकारिक नम्बरमा मोबाइल नम्बर सूचीकृत गराएका खण्डमा पार्टी वडा कार्यालय वा वडा सभापतिमार्फत क्रियाशील अद्यावधिक गराउन सकिने व्यवस्था छ।

कांग्रेसले क्रियाशील अद्यावधिक गराउन अझ सहज बनाएको जनाएको छ। अनलाइनमार्फत् फारम भरेर क्रियाशील अद्यावधिकका लागि आग्रह गर्न सकिनेछ। यसमा समस्या आए 'एआई साथी' सँग सहयोग लिन सकिने पार्टीले जनाएको छ।

यसअघि कांग्रेसले क्रियाशील अद्यावधिक गराउन सम्बन्धित वडामै जानुपर्ने र शपथ लिनुपर्ने व्यवस्था गरेको थियो। यसमा आलोचना भएपछि प्रविधिमैत्री रूपमा अद्यावधिक गर्न आवेदन दिन सक्ने व्यवस्था गरिएको देखिन्छ।

पार्टी केन्द्रीय कार्यालयले देशभरका सबै वडा कार्यालयबाट क्रियाशील अद्यावधिक भइरहेको बताए पनि संस्थापन इतर नेताहरूले क्रियाशील अद्यावधिक गरिराख्न जरुरी नभएको बताउने गरेका छन्।

१५औं महाधिवेशन निष्पक्ष हुँदैन कि भन्ने आफूहरूको चिन्ता रहेको नेता प्रकाशशरण महतको भनाइ छ। 'क्रियाशील टुंगो लगाउने वडा कार्यसमितिले हो, हाम्रो व्यवस्था नै त्यही हो, क्रियाशील नवीकरण भइसकेको छ। कसैले पार्टी छाडेकोलगायत कुरा छ भने सम्बन्धित जिल्ला र वडाहरूबाट अद्यावधिक विवरण माग गरे भइहाल्थ्यो,' उनले भने, 'डिजिटल गर्ने भनेर अद्यावधिक गरिराख्न जरुरी थिएन। कसैको मोबाइल नम्बर थिएन भने सम्बन्धित वडाहरूबाटै माग गरेर इन्ट्री गरे डिजिटल भइहाल्थ्यो। क्रियाशील अद्यावधिकका नाममा केन्द्रबाटै हस्तक्षेप गर्न भएन, अद्यावधिकका लागि यसो गर उसो गर, यहाँ फोन गर भन्न भएन।'

पार्टी संस्थापनले भने वडा कार्यसमितिलाई क्रियाशील अद्यावधिक गर्न युजर र पासवर्ड दिइएको जनाएको छ। पार्टीगत प्रणालीलाई अटेर गर्ने गरी केन्द्रीय कार्यालयबाट मोबाइल नम्बर, एआई साथी जस्ता कुरा प्रयोग गरी क्रियाशील अद्यावधिक गरिएकोमा उनले असहमति जनाएका छन्।

'क्रियाशील अद्यावधिकका नाममा सम्बन्धित पार्टी समितिलाई थाहै नदिनेजस्तो पनि देखिँदैछ, त्यसो गर्न भएन भन्ने हो,' उनले भने, 'हामीले भाग खोजेका छैनौं, अधिवेशन निष्पक्षताका लागि साझा संयन्त्र बनोस् भनेको हो। १५ औं महाधिवेशनबाट आउनुपर्छ अनि पो सबैले त्यो नेतृत्वलाई स्वीकार गर्छन्।'

प्रवक्ता देवराज चालिसे भने आफूहरू पनि प्रक्रियाअनुसार नै आएकोले विधानभन्दा बाहिरको संरचनामा जान नसकिने बताउँछन्। 'केही विवाद वा समस्या देखिए भने विधानभित्रकै संरचनाबाट समाधान खोज्नुपर्छ, हामी पनि प्रक्रियाअनुसार नै आएका हौं,' उनले भने।

सभापति गगन थापाले पार्टीभित्रका विभिन्न संरचनामा सबै पक्षलाई समेट्न आफूहरू तयार रहेको बताएका छन्।

उनले महाधिवेशन निष्पक्ष र पारदर्शी बनाउन पार्टीभित्रका निर्वाचन, सदस्यता, अनुशासनलगायत विभिन्न समितिमा सबै पक्षलाई समेट्ने प्रतिबद्धता पनि जनाउने गरेका छन्।

'कुन समितिमा कसलाई राख्दा त्यसले १५ औं महाधिवेशन निष्पक्ष र पारदर्शी हुन्छ भन्ने लाग्छ नाम दिनुहोस्, राख्छौं,' सभापति थापाले संस्थापनइतर पक्षका नेताहरूलाई लक्ष्य गर्दै भने।

नेता महत भने दयामायाले यो वा त्यो पद दिने भन्दा पनि महाधिवेशन निष्पक्षताको सुनिश्चितता खोजिएको बताउँछन्। 'कसैले दयामायाले यो वा त्यो पद दिने भन्दा पनि हामीले खोजेको अधिवेशन निष्पक्ष होस् भन्ने हो,' उनको भनाइ छ।

पूर्वउपसभापति विमलेन्द्र निधिले सम्पर्क कार्यालय खोल्न घर हेर्ने काम भइरहेको बताए।

'पार्टी कार्यालयका लागि घर खोजिरहेका छौं, भिमसेनगोला पुरानो बानेश्वर क्षेत्रमा,' उनले भने, 'एउटा घटना पर्‍यो र म जनकपुरधाम आएँ। प्रकाशमान सिंह लगायतले घर हेर्ने काम गर्दै हुनुहोला।'

१५ औं महाधिवेशन तयारीका लागि कार्यालय राख्न घर खोजिएको हो कि नयाँ पार्टी बनाउन भन्ने प्रश्नमा पूर्वउपसभापति निधिले भने, 'सम्पर्क कार्यालय राख्न घर खोजिरहेका छौं, यसबारे अहिले मैले थप केही बोल्दिनँ, अरू साथीहरूलाई सोध्नुस् न।'

यसबीच देउवानिकट केही युवा नेताहरूले अनामनगरमा सम्पर्क कार्यालय खोलिसकेका छन्। निवर्तमान केन्द्रीय सदस्यहरू गुरु बराल, जितजंग बस्नेत, कुन्दनराज काफ्ले लगायतको अगुवाइमा सम्पर्क कार्यालय खोलिएको नेताहरूको भनाइ छ।

निवर्तमान केन्द्रीय सदस्य कुन्दनराज काफ्लेले सम्पर्क कार्यालय खोलिएको बताए।

'नियमित महाधिवेशन पक्षधर करिब ३ सय युवा मिलेर अनामनगरमा भेटघाटका लागि सम्पर्क कार्यालय खोलेका हौं, यस्ता सम्पर्क कार्यालयहरू अरू पनि छन्,' काफ्लेले भने।

देउवा समूहले संस्थापन पक्षलाई महाधिवेशन निष्पक्षताका लागि एउटा कार्यदल बनाउन दबाब दिइरहेका बेला सभापति गगन थापाले भने हालै विशेष महाधिवेशनमा भाग नलिएका देउवा, शेखर र शशांक पक्षका १९ जनालाई केन्द्रीय सदस्य मनोनीत गरेका थिए।

उपसभापति विश्वप्रकाश शर्माले सोमबार धुलिखेलमा बागमती प्रदेशस्तरीय भेलामा बोल्दै पार्टीभित्र रहेका गुट भत्काएर पार्टी बलियो बनाउने नीति अबलम्बन गरिएको दाबी गरे।

# सातवटै प्रदेशका सरकार फेर्ने कसरत शुरु

टुडे समाचारदाता

जनकपुरधाम। सात वटै प्रदेशमा सरकार हेरफेर गर्ने गरी नेपाली कांग्रेस-नेकपा एमाले गठबन्धनले तयारी थालेका छन्। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले हिजोको सचिवालय बैठकमा पनि यस विषयमा नेताहरूलाई ब्रिफिंग गरेका थिए।

'हिजोको सचिवालय बैठकमा पनि अध्यक्ष कमरेडले अन्य दलसँग भइरहेको छलफलहरूबारे जानकारी गराउनु भएको थियो। मंगलबार कांग्रेससँग यस विषयमा निर्णायक संवाद गर्ने तयारी छ,' एमाले उच्च स्रोतले भन्यो, 'कांग्रेससँगको संवादपछि सातै प्रदेशको सरकार हेरफेर हुन सक्छ।'

एमालेका एक पदाधिकारीका अनुसार अहिले पार्टीभित्र पनि सरकार परिवर्तनको गहन बहस सुरू भइरहेको छ। तर, बजेट तयार गरेर परिवर्तन गर्ने वा त्योभन्दा पहिल्यै गर्ने भन्ने विषयमा ठोस निष्कर्ष आइसकेको छैन। कांग्रेस सभापति गगन थापासँगको संवादपछि यो विषयको पनि टुंगो लाग्ने छ।

अहिले सात प्रदेशमध्ये कांग्रेसले ४ र एमालेले ३ प्रदेशको नेतृत्व गरिरहेको छ। नयाँ समीकरण बन्ने अवस्थामा पनि चार प्रदेशको नेतृत्व गर्नुपर्ने कांग्रेसको माग छ। नेकपाले पनि सुदूरपश्चिम प्रदेशको नेतृत्वसहित तीनदलीय सरकार बनाउन सकिने जनाइसकेको छ। एमालेले पनि तीनै दलसँग सहकार्यको बाटो खुला गरेको बताएको छ। तर, तीन दलको विषयमा कांग्रेसले भने ठोस निर्णय सुनाइसकेको छैन।



कांग्रेससँग बसेर टुंगो लागेपछि मात्रै नेपालाई सहभागी गराउने वा नगराउने भन्ने विषय टुंगो लाग्ने अर्का एक पदाधिकारीले बताए।

ती पदाधिकारीले भने, 'पहिले कांग्रेससँग बसेर नेकपालाई पनि सँगै लिएर जाने भन्ने विषयमा टुंगो लागेपछि मात्रै नेकपाको सहयात्रा तय हुन्छ।'

कांग्रेस-एमाले सहकार्य शुरु हुँदा कांग्रेसका सभापति शेरबहादुर देउवा थिए। त्यो बेला सुदूरपश्चिम र कोशी प्रदेश सरकारलाई निरन्तरता दिने र पाँच प्रदेशमा हेरफेर गर्ने सहमति भएको थियो। अहिले पूर्वसम्झदारीअनुसार हेरफेरको समय पनि भएको छ।

तर, कांग्रेस सभापति अहिले गगन थापा छन्। उनी नेतृत्वको कांग्रेसले कोशीमा एमालेले नै गर्ने नेतृत्वमा पूर्णविराम लगाउँदै कांग्रेसले कोशीको दाबी समेत गरेको छ। यता कर्णालीमा पनि कांग्रेसले दाबी गरिरहेको छ। यही सन्दर्भमा कांग्रेस सभापति र एमाले अध्यक्षबीचको छलफलपछि टुंगो लाग्ने बताइएको छ।

'हिजो कांग्रेस सभापतिसँग दुई प्रदेशबाहेक अन्यमा हेरफेर गर्ने सहमति भएको थियो। अहिले कांग्रेसको नेतृत्व फेरिएको छ, उहाँहरूको प्राथमिकता पनि फेरिएको छ। त्यसैले अब हेरफेर हुँदा सबै प्रदेशमा हेरफेर हुन्छ होला,' एमाले स्रोतले भन्यो।

यसअघि अध्यक्ष ओलीले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहलाई पनि तीनदलीय सरकारको सम्भावनाबारे बताएका थिए। मुख्यमन्त्री शाहले ओलीको प्रस्तावलाई पार्टी सभापति थापालाई पनि सुनाएका थिए। अन्य नेताहरूबीच छलफल भइरहे पनि दुई दलका नेताहरूले यस विषयमा आज-भोलिमै टुंगो लाग्ने बताएका छन्।

'कांग्रेससँग निरन्तरता दिनुपर्ने एमालेको पहिलो प्राथमिकताको विषय हो। तर, कांग्रेससँगको समन्वयमा नेकपालाई पनि सत्ता सहकार्यमा भित्र्याउने कुरा हुन सक्छ। लोकतन्त्रको रक्षाका लागि कांग्रेस, एमाले र नेकपाबीचको बलियो सहकार्यबारे पनि बहस जारी छ,' एमाले नेताहरूले बताएका छन्।

अघिल्लो शनिबार कांग्रेस सभापति गगनकुमार थापाले एमालेसँगको सहकार्य तत्काल टुट्ने सम्भावना नरहेको बताएका थिए। स्रोतका अनुसार कांग्रेस सभापतिमा निर्वाचित भएपछि पहिलोपटक सुदूरपश्चिम प्रदेश आउनुभन्दा पहिले थापाले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेटेका थिए।

उनले धनगढीमा तत्काल कांग्रेस र एमालेको सहकार्य कायम रहने तथा बजेटपछि तीन दलबीचको सहकार्य पनि हुनसक्ने संकेत गरे। सभापति थापाको सन्देश र आगामी कार्ययोजना बोकेर मंगलबार कांग्रेसका उपसभापति विश्वप्रकाश शर्मा र सहमहामन्त्री उदयशमशेर राणा पुनः एमाले अध्यक्ष ओलीलाई भेट्न गुण्डु पुगे। गुण्डुमा मंगलबार साँझ कांग्रेस-एमाले सहकार्य निरन्तर राख्ने, तर केही प्रदेशमा सरकार हेरफेर गर्नेबारे छलफल भएको थियो। सो छलफलको क्रममा कांग्रेसका दुई पदाधिकारीले पूर्वसहमतिअनुसार प्रदेश सरकारहरूको आलोपालो गर्ने बेला भएकोबारे जानकारी गराएका थिए।

# दिनमै लालटिन बालेर वकिलले गरे विरोध

टुडे समाचारदाता



काठमाण्डु । सर्वोच्च अदालत प्रशासनले न्यायिक प्रक्रियामा अवरोध सिर्जना गरेको भन्दै नेपाल बार एसोसिएसनले लालटिन बालेर विरोध प्रदर्शन गरेको छ।

संवैधानिक महत्वका रिट निवेदन दर्ता नगरी सर्वोच्च प्रशासनले न्यायिक प्रक्रियामा अवरोध सिर्जना गरेको नेपाल बारको जिकिर छ। प्रदर्शनमा उत्रिएका कानून व्यवसायीहरूले न्यायको खोजी, स्वच्छ प्रक्रियाको खोजी लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्रा. डा. विजयप्रसाद मिश्रले सबैका लागि खुला हुनुपर्ने अदालतभित्रै मुद्दा दर्ता नगर्ने, अल्झाएर राख्ने कामको सदैव बारले विरोध गर्ने बताए।

विगत केही समयदेखि संवैधानिक महत्वका विभिन्न रिट निवेदनहरू सर्वोच्च अदालत प्रशासनबाटै दर्ता नगरी फर्काइएको र त्यसविरुद्ध परेका निवेदन समेत लामो समयसम्म दर्ता नगरी न्यायमार्गमा अवरोध सिर्जना गरिएको बारको आरोप छ। यसैगरी, अदालतमा विचाराधीन रहेका विषयमा संस्था छलफल भएको प्रति पनि बारले आपत्ति जनाएको छ।


## धुम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं

- धुम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वास सम्बन्धी समस्या निम्त्याउँछ,
- धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

- सार्वजनिक स्थानमा धुम्रपान नगरौं,
- किशोर-किशोरीहरुलाई धुम्रपान टाढा राखौं,
- धुम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धुम्रपान गर्ने वातावरण सिर्जा गरौं,
- आफ्नो वा परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धुम्रपान त्याग्ने संकल्प गरौं,
- धुम्रपान विरुद्ध जनचेतना, फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार !

नेपाल सरकार
विज्ञापन बोर्ड


# दुर्गा प्रसाईं थप तीन दिन प्रहरी नियन्त्रणमै

वीरगञ्ज । पर्सा जिल्ला अदालतले बुधबार मेडिकल व्यवसायी तथा राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियानका नेपालका संयोजक दुर्गाप्रसाद प्रसाईंलाई विद्युतीय कारोबार ऐन र राज्य विरुद्धको कसुरमा तीन दिन म्याद थप गरेर अनुसन्धान गर्नका लागि पर्सा प्रहरीलाई अनुमति दिएको छ।

पर्सा प्रहरीले सोमबार राति संयोजक प्रसाईंलाई 'जरुरी पक्राउ पुर्जी' दिएर नियन्त्रणमा लिएको थियो।



पर्सा प्रहरीका प्रवक्ता हरिबहादुर बस्नेतले संयोजक प्रसाईंले विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत विभिन्न किसिमको अभिव्यक्तिहरू दिने क्रममा सार्वजनिक नैतिकता, शिष्टाचारविरुद्ध कसैप्रति घृणा वा द्वेष फैलाउने र विभिन्न जातजाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्नेलगायत अभिव्यक्ति दिएकाले नियन्त्रणमा लिएको जानकारी दिनुभयो।

"नेपाल सरकारको काम कारवाहीको सम्बन्धमा कुनै किसिमबाट निराधार वा अप्रमाणित कुरा देखाई नेपाल सरकारप्रति घृणा, द्वेष वा अवहेलना गर्ने गरी विभिन्न किसिमको अमर्यादित तथा अवस्तव्य आलोचनात्मक अभिव्यक्तिहरू दिएकाले सोमबार वीरगञ्जको सिद्धार्थ दियालो होटलबाट रातको समयमा नियन्त्रणमा लिएर उहाँलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन र राज्य विरुद्धको कसुरमा सम्मानित पर्सा जिल्ला अदालतबाट तीन दिनको म्याद थप अनुमति लिएर आवश्यक अनुसन्धान भइरहेको छ," उहाँले भन्नुभयो। रासस

# सिजी ग्रुपविरुद्धको मुद्दामा विद्यार्थी नेता मण्डललाई राहत

टुडे समाचारदाता



जनकपुरधाम । युवा विद्यार्थी नेता आदर्श मण्डललाई प्रतिष्ठित व्यवसायिक सिजी ग्रुप अन्तर्गत अनन्त चौधरी ग्रुपले दायर गरेको मुद्दामा राहत मिलेको छ। लामो कानुनी प्रक्रियापछि अदालतले विद्यार्थी नेता मण्डलको पक्षमा फैसला गरेको छ।

सो मुद्दाको फैसला उनकै पक्षमा आएपछि नेता मण्डलले सत्यको मार्गमा हिँड्ने व्यक्तिलाई ढिलो भए पनि अन्ततः न्याय प्राप्त हुने प्रतिक्रिया दिए। उनले भने,"सत्यको जीत अलि ढिलो हुन्छ, तर जीत अवश्य हुन्छ।"

धनुषा जिल्ला अदालतका न्यायाधीश प्रदीपकुमार उपाध्यायको इजलासबाट भएको फैसलामा सिजी ग्रुपसमेतले दिएको मुद्दामा दाबी नपुगेकाले मण्डललाई राहत मिलेको छ।